# प्रभाव दैनिक
National Daily

ई-पेपरका लागि

वर्ष १३ | अंक ८१ | काठमाडौं | सोमबार, २९ असार २०८३ | Prabhab National Daily | Monday, 13 July 2026 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


रवि-वालेन्द्र भेट

# मन्त्रीहरूको कार्यशैलीप्रति लामिछानेले पोखे असन्तुष्टि



■ प्रभाव संवाददाता

- रास्वपाभित्र गृहमन्त्री सुधन गुरुङ, पूर्वाधारमन्त्री सुनिल लम्साल, महिलामन्त्री सीता वादी र कृषिमन्त्री गीता चौधरीलाई हटाउनुपर्ने माग
- भारतसँगको सीमा विवाद, भन्सार शुल्क विवाद, युवाहरूमा देखिएको असन्तुष्टि, मन्त्रीहरूको कार्यशैलीको कारण वालेन्द्र नेतृत्वको सरकार आलोचित बनेपछि सभापति लामिछानेसँग परामर्शमा प्रधानमन्त्री शाह

**काठमाडौं–** राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछानेले प्रधानमन्त्री वालेन्द्र शाहसँग सरकारको पछिल्लो कार्यशैलीप्रति असन्तुष्टि पोखेका छन् । आइतबार दिउँसो प्रधानमन्त्री शाह बूढानीलकण्ठस्थित आफ्नो निजी निवास आइपुग्दा लामिछानेले असन्तुष्टि पोखेका हुन् ।

बिहान ११ बजेदेखि दिउँसो ३ बजेसम्म भएको भेटमा सभापति लामिछानेले गणेश नेपालीको आत्मदाह प्रकरण, सुकुमबासी व्यवस्थापन गर्न नसकेकोलगायत विषयमा प्रधानमन्त्री शाहसँग कुराकानी गरेका थिए । 'सुकुमबासीले अझै जग्गा पाएनन् । होल्डिङ सेन्टरमा पनि डुबानमा परेका छन् । गरिब रुवाए नराम्रो हुन्छ,' लामिछानेले भेटमा भनेका थिए, 'सरकार भएको अनुभूति देखिएन ।'

जवाफमा प्रधानमन्त्री शाहले सुकुमबासीले समयमै नाम नटिपाउँदा अहिलेको घटना भएको बताएको स्रोतले जनायो । वालेन्द्रले यो समस्या समाधान गर्न सरकार लागिपरेको बताएका थिए ।

भेटमा सभापति लामिछानेले गणेश नेपालीको आत्मदाह प्रकरणमा महानगरलाई दोष दिएर पन्छिन नमिल्ने बताएका थिए । प्रधानमन्त्री शाहले भने यस विषयमा महानगरसँग मिलेर अघि बढ्ने बताएको स्रोतले जनायो ।

सय दिनमा भएका कामबारे वालेन्द्रले सभापति लामिछानेलाई 'ब्रिफिङ' गरेको बताइएको छ । उक्त भेटमा पार्टीको पदाधिकारी मनोनयनबारेसमेत छलफल भएको लामिछानेको सचिवालयले जनायो । 'पार्टीमा पदाधिकारी मनोनयन ढिला भएको प्रधानमन्त्री वालेन्द्रको भनाइ थियो । जवाफमा सभापतिले नाम माग्नुभएको थियो,' सचिवालयको एक सदस्यले भने ।

रास्वपामा वरिष्ठ नेतासहित ११ पदाधिकारी र ५१ जना केन्द्रीय सदस्य मनोनीत हुने व्यवस्था छ । वालेन्द्र र रवि पक्षबाट को-को मनोनीत हुने भन्ने विषय टुंगो लाग्न बाँकी छ ।

विधानका विषयमा पनि रवि-वालेन्द्रबीच असन्तुष्टि देखिएको छ । संसदीय दलका नेता फेरबदल गर्ने र चाहेजति वरिष्ठ नेता बनाउन पाउने प्रावधानप्रति वालेन्द्र पक्षले असन्तुष्टि जनाएका छन् ।

### मन्त्री हेरफेरबारे छलफल

भेटमा मन्त्री हेरफेरबारे पनि छलफल भएको बताइएको छ । मन्त्रीहरूको कार्यक्षमतामाथि रास्वपामा प्रश्न उठेको धेरै भएको छ । खासगरी गृहमन्त्री सुधन गुरुङ, पूर्वाधारमन्त्री सुनिल लम्साल, महिलामन्त्री सीता वादी र कृषिमन्त्री गीता चौधरीलाई हटाउनुपर्ने माग रास्वपाभित्रै उठेको छ ।

गृहमन्त्री गुरुङले हालै सदनमा दिएको अभिव्यक्ति र पूर्वाधार एवं सहरी विकासमन्त्री लम्सालको कार्यशैलीलाई लिएर रास्वपाकै सांसद आशिष गजुरेलले सार्वजनिकरूपमै टिप्पणी गरेका छन् । गजुरेलले सडक विकासमा स्पष्ट कार्ययोजना नबनाउँदा जनतालाई मुख देखाउन नसकिने अवस्था आउने बताए । असार २५ गते प्रतिनिधि सभामा बोल्दै गजुरेलले भनेका थिए- कार्ययोजना नआए हामीले जनतालाई मुख देखाएर हिँडाएर हिँड्न सक्दैनौ ।'

क्रमशः पृष्ठ २ मा

# सरकारविरुद्ध बढ्यो जनआक्रोश

- सुकुम्बासी समस्या, मिटरब्याज पीडितलगायत आन्दोलित
- सदनमा विपक्षी दलहरूको विरोध जारी
- बाचा पूरा नगर्दा वालेन्द्र सरकारप्रति प्रश्नैप्रश्न

■ जेबी योञ्जन

**काठमाडौं–** प्रधानमन्त्री वालेन्द्र शाह नेतृत्वको सरकारप्रति नागरिकको असन्तुष्टि बढ्दो देखिएको छ । सरकार गठन हुँदा गरिएको सुशासन, सामाजिक न्याय र जनउत्तरदायित्वका प्रतिबद्धतामाथि प्रश्न उठाउँदै विभिन्न समूह अहिले सडक आन्दोलनमा उत्रिएका छन् ।

सुकुमबासी व्यवस्थापनमा देखिएको अन्योल, मिटरब्याजपीडितको पुनः काठमाडौं केन्द्रित आन्दोलन र जेन-जी आन्दोलनमा सहभागी युवाहरूको प्रदर्शनले सरकारमाथि जनदबाब बढाएको छ ।

विशेषगरी सरकार आफैंले सार्वजनिक गरेको १०० दिने शासकीय सुधार कार्यसूचीमा समेटिएका विषयहरू कार्यान्वयन हुन नसकेको आरोप नागरिकहरूले लगाइरहेका छन् । सडकमा आन्दोलन चर्किंदै जाँदा सरकारको नेतृत्वकर्ता राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)का सभापति रवि लामिछाने भने अधिकांश मुद्दामा मौन देखिएका छन् ।

सरकार गठन भएकै दिन मन्त्रिपरिषद्बाट स्वीकृत शासकीय सुधार कार्यसूचीमा भूमिहीन, सुकुमबासी तथा अव्यवस्थित बसोबासीको लगत संकलन दुई महिनाभित्र सक्ने, एक हजार दिनभित्र दीर्घकालीन समाधान गर्ने तथा स्थानीय तहसँगको समन्वयमा पुनर्वासको व्यवस्था गर्ने प्रतिबद्धता गरिएको थियो ।

तर, सरकारले आफ्नै समयसीमा पूरा हुन नपाउँदै काठमाडौंका नदी किनारका बस्ती हटाउन थालेको थियो । वैशाख १२ गतेदेखि डोजर अभियान सुरू गर्दै सरकारले वास्तविक सुकुमबासीको पहिचान गरी दुई साताभित्र स्थायी व्यवस्थापन गर्ने आश्वासन दिएको थियो । व्यवहारमा भने त्यो प्रतिबद्धता पूरा हुन सकेन ।




सरकारविरुद्ध काठमाडौंको माइतीघरमा आइतबार प्रदर्शन गर्दै सुकुमबासीहरू । *तस्बिर सौजन्य: नेपाल फोटो लाइब्रेरी*

दुई साताका लागि अस्थायी होल्डिङ सेन्टरमा राखिएका परिवारहरू तीन महिनासम्म पनि स्थायी बसोबासको प्रतीक्षामै छन् । कीर्तिपुरस्थित राधास्वामी सत्संग आश्रममा राखिएका सुकुमबासीलाई बाढीका कारण त्यहाँबाट समेत विस्थापित भई भक्तपुरको खरिपाटीमा सारिएका छन् ।

संयुक्त राष्ट्रिय सुकुमबासी मोर्चाका उपाध्यक्ष पवन गुरुङ भन्छन्, 'त्यतिका वर्ष बसेकाहरूको घर भत्काइदियो । सरकारसँग नसकिने रहेछ । होल्डिङ सेन्टर आएर मन्त्रीहरूले आश्वासन दिनुभएको छ ।'

उनले आफूहरूले माग उठाइरहेका र वडा तहसम्म आएर लगत संकलन गर्न भनेको पनि बताए । हाल खरिपाटीमा १४९ जना सुकुमबासी अस्थायी बसोबासमा छन् ।

क्रमशः पृष्ठ २ मा

## गणेशको परिवार र सरकारबीच नौ बुँदे सहमति

**काठमाडौं (प्रस)–** आत्मदाह प्रयासपछि उपचारका क्रममा मृत्यु भएका मुगुका २५ वर्षीय गणेश नेपालीको परिवार र नेपाल सरकार (काठमाडौं महानगरपालिकासहित) बीच नौ बुँदे सम्झौता भएको छ । जिल्ला प्रशासन कार्यालय काठमाडौंमा भएको सहमतिसँगै गणेश नेपालीको मृत्यु प्रकरणमा जारी आन्दोलन रोकिएको छ ।

सम्झौताअनुसार घटनाको सत्यतथ्य र निष्पक्ष छानबिनका लागि पूर्वन्यायाधीशको संयोजकत्वमा स्वतन्त्र छानबिन समिति गठन गरिने छ । समितिले गठन भएको सात दिनभित्र सरकारसमक्ष प्रतिवेदन पेस गर्ने छ ।

छानबिन समितिको प्रतिवेदन र सिफारिसका आधारमा गणेश नेपालीलाई सहिद घोषणा गर्ने विषयमा प्रचलित कानुन र विगतको अभ्यासअनुसार आवश्यक निर्णय प्रक्रिया अघि बढाइने सहमति भएको छ ।

घटनाका दिन फिल्डको अग्रभागमा खटिएका काठमाडौं महानगरपालिकाका महानगरीय प्रहरी बलका कर्मचारीलाई तत्कालका लागि निलम्बन गरिने तथा छानबिन प्रतिवेदनका आधारमा थप कारबाही गरिनेछ । सम्झौतामा मृतककी श्रीमतीलाई योग्यता र क्षमताका आधारमा काठमाडौं महानगर

क्रमशः पृष्ठ २ मा

सन्दर्भ: वैदेशिक रोजगार

# वैदेशिक रोजगारीका नाममा पेरिसाको ठगीधन्दा

■ ममता थापा

- युएईमा नक्कली कार्यालय देखाउँदै लाखौं रकम असुली
- नेपालबाट रोजगारीका लागि लैजाने प्रलोभनमा पारेर ठगी
- युएईमा रहेका नेपालीहरु पनि पेरिसाको फन्दामा
- लाखौं पैसा असुलेकी पेरिसाले आफूविरुद्ध मुद्दा हाले पनि नडराउने धम्की

**काठमाडौं–** हिमादेवी चापागाईंले आफ्ना श्रीमान् संयुक्त अरब इमिरेट्स (युएई)मा भएकाले रोजगारीका लागि त्यहीँ जाने निर्णय गरिन् । झापाको दमक-४ की २५ वर्षीया हिमादेवी आफन्तमार्फत पेरिसा बराल नाम गरेकी युवतीको सम्पर्कमा पुगिन् ।

युएईमा अफिस खोलेको बताउने पेरिसाले हिमादेवीलाई वैदेशिक रोजगारीमा पठाउने भन्दै प्रलोभनमा पारिन् । हिमादेवीले तुरुन्तै विश्वास गरिन् पेरिसामार्फत नै वैदेशिक रोजगारीमा जाने प्रक्रिया थालिन् ।

'मैले नयाँ अफिस खोलेको हो । मलाई मेरो परिवारले राम्रो व्यवहार गर्नुहुन्न, मलाई काम गर्न दिनुहोस् भनेपछि अरूले खाने पैसा उसैले खाओस् भनेर दिएको हो,' चापागाईंले भनिन् ।

आफ्नो अफिसमा जागिर लगाइदिने भनेपछि हिमाको दिदीको छोरा पनि युएई जाने निर्णय गरे । त्यसका लागि हिमाले एक लाख रूपैयाँ र उनका भाइले २५ सय दिराम बुझाए । त्यसपछि 'अफर लेटर', मोफाजस्ता कागजात पठाएपछि थप एक हजार दिराम बुझाए । पेरिसाले सबै पैसा आफ्नो अफिसको कर्मचारी भन्दै विभिन्न व्यक्तिको खातामा जम्मा गर्न लगाएकी थिइन् । त्यसपछि काम नहुने भएपछि पैसा माग्दा बल्लतल्ल ५० हजार फिर्ता दिएको हिमाको भनाइ छ ।

'मैले जनवरी २० मा पैसा बुझाएको हो । भिसामा समस्या आयो भनेपछि पैसा फिर्ता माग्दा दिइन्,' उनले भनिन्, 'अनि टिकटकमा अर्को मान्छेले त्यो दलाल हो भनेर भिडियो हालेको देखेपछि मैले पनि हालेँ । त्यसपछि ५० हजार फिर्ता दिई । बाँकी पैसा माग्दा जे गर्नु छ गर भन्छे ।'

हिमादेवीकले झापाबाट आएर दुई महिना अगाडि वैदेशिक रोजगार विभागमा



उजुरी दिएकी छन् । तर विभागबाट कुनै प्रक्रिया अगाडि नबढेको बताइन् । पेरिसाले ललितपुर-१२ की रीतिका शाक्यलाई पनि आफ्नै कम्पनीमा काम लगाइदिने भनेपछि पैसा बुझाइन् । तर काम गर्न नसकेपछि सम्पर्कविहीन भएको शाक्यको भनाइ छ ।

'मलाई आफ्नै कम्पनीमा डकुमेन्ट अफिसरमा काममा लगाइदिन्छु भनेपछि एक लाख ९० हजार दिएको हो । त्यसपछि बाहानाहरू बनाउन थाल्यो,' रितिकाले भनिन्, 'युएईमा छ भनेको अफिस पनि फेक रहेछ । अफिसको लोकेसन चेन्ज गरिरहने रहेछ ।'

पेरिसाले नेपालमामात्र नभई युएईमा कार्यरत धेरै नेपाली युवाहरूबाट लाखौं असुलेको पाइएको छ । ह्वाट्एप ग्रुपमा जोडिएका पीडित युवाहरूले आफूले दुःख गरेर कमाएको पैसा ठगेर हैरान पारेको बताएका छन् । त्यहाँ भिसाको म्याद सकिएर 'ओभर स्टे' गरिरहेका युवाहरूको भिसा थप गरिदिन्छु भन्दै पाँच हजार दिरामसम्म लिएको बताएका छन् । त्यस्तै, छुट्टीमा नेपाल आएकाहरूको टिकट काटिदिने नाममा नक्कली टिकट बनाएर पैसा असुलेको पनि पाइएको छ ।

### को हुन् पेरिसा ?

१९ वर्षीया पेरिसा दोलखाको शैलुङ गाउँपालिका-५ की बासिन्दा हुन् । उनले प्रिसा डक्युमेन्ट्री सर्भिस नामको आफ्नो कार्यालय दुबईको अल नाहदा मेट्रो स्टेसनमा रहेको बताउने गरेको पीडितहरू बताउँछन् ।

पेरिसाले सन् २०२५ अगस्ट १३ मा युएईको रेसिडेन्सी कार्ड लिएको देखिन्छ । नेपालीहरूबाट लाखौं पैसा असुलेकी उनले आफूमाथि मुद्दा हाले पनि नडराउने भन्दै धम्की दिँदै म्यासेज पठाउने गरेकी छन् । पेरिसाको विषयमा काठमाडौंमा बस्दै आएका उनका बुबासँग कुरा गर्दा उक्त कुरा गरे नराम्रो हुने धम्की दिने गरेको पीडितको भनाइ छ ।

क्रमशः पृष्ठ २ मा

फिफा विश्वकप-२०२६

# सेमिफाइनलमा पहिलोपटक फिफा वरीयताका शीर्ष चार टोली

फाइनल प्रवेशका लागि फ्रान्स र स्पेन तथा अर्जेन्टिना र इंगल्याण्ड भिड्ने



■ प्रभाव संवाददाता

**काठमाडौं–** अमेरिका, क्यानडा र मेक्सिकोमा जारी फिफा विश्वकप-२०२६ को सेमिफाइनल समीकरण पूरा भएको छ । प्रतियोगितामा फिफा वरीयताको शीर्ष चारमा पर्ने फ्रान्स, अर्जेन्टिना, स्पेन र इंगल्याण्ड सेमिफाइनलमा पुगेका छन् ।

शीर्ष चारवटै टोली विश्वकपको सेमिफाइनलमा पुगेको पहिलोपटक हो । चारवटै टोली पूर्वविजेतासमेत हुन् । अर्जेन्टिनाले तीन, फ्रान्सले दुई तथा स्पेन र इंगल्याण्डले एक-एक पटक विश्वकप उपाधि जितेका छन् ।

अब सेमिफाइनलमा फिफा वरीयतामा पहिलो स्थानमा रहेको फ्रान्सले तेस्रो स्थानको स्पेनसँग प्रतिस्पर्धा गर्ने छ । साविक विजेता एवं फिफा वरीयतामा दोस्रो स्थानमा रहेको अर्जेन्टिनाले चौथो वरीयताको इंगल्याण्डको सामना गर्ने भएको छ ।

क्रमशः पृष्ठ २ मा

## गोल्डेन बुटका दाबेदार

यसपालिको विश्वकपमा गोल्डेन बुटको प्रतिस्पर्धा रोचक बनेको छ । क्वाटरफाइनलको खेल सकिँदासम्म फ्रान्सका किलियन एमबाप्पे आठ गोल र तीन असिस्टसहित शीर्ष स्थानमा छन् ।

अर्जेन्टिनी कप्तान लिओनल मेसी समान आठ गोल र दुई असिस्टसहित दोस्रो स्थानमा छन् । नर्वेका एर्लिङ हल्याण्डले सात गोल गरेको भए पनि प्रतियोगिताबाट बाहिरिसकेकोले गोल्डेन बुटको प्रतिस्पर्धामा छैनन् ।

इंगल्याण्डका कप्तान हचारी केन र जुड बेलिङघम समान छ गोलसहित एमबाप्पे र मेसीलाई पछ्याइरहेका छन् । फ्रान्सका ओसमन डेम्बेलेले पनि पाँच गोल पुऱ्याइसकेका छन् ।

पृष्ठ १ बाट क्रमशः

## सरकारविरुद्ध...

यता भूमि व्यवस्था, सहकारी तथा संघीय मामिलामन्त्री प्रतिभा रावल भने प्रक्रिया जटिल भएकाले समय लागेको बताउँछिन् ।

'हामीले सुकुमबासीमात्र पहिचान गरेर भएन, जग्गा पनि पहिचान गर्नुपर्‍यो । सबै प्रक्रिया पूरा गर्दा केही समय लाग्न सक्छ । तर ढिलो-चाँडो समाधान हुन्छ,' रावलले खरिपाटी पुगेर आइतबार सुकुमबासीलाई आश्वस्त पार्ने प्रयास गरिन् ।

सत्तारुढ दलकै सांसदबाटसमेत यो विषयमा असन्तुष्टि सार्वजनिक भएको छ । रास्वपा सांसद रञ्जु दर्शनाले सरकारले लगत संकलनभन्दा पहिले बस्ती हटाउने निर्णय गरेर गल्ती गरेको स्वीकार गरेकी छन् । 'सुकुमबासी व्यवस्थापनको विषयमा १०० दिने कार्यसूचीको बुँदा ९१ भन्दा अघि ९२ अघि सारियो । दूध चुसाइरहेकी आमा, सुत्केरी, वृद्ध बाआमाहरूलाई पनि एकै व्यवहार नगरियोस् भनेर सदनमा पटक-पटक आवाज उठाएँ । सम्बन्धित निकायमा निवेदन पनि गरेँ । यो काम सरकारको तर्फबाट ठीक ढंगले भएन,' उनको भनाइ छ ।

यसैबीच, मुगुका गणेश नेपालीले आत्मदाह गरेपछि सरकारप्रति जनआक्रोश थप चर्किएको छ । काठमाडौं महानगर प्रहरीको ज्यादतीका कारण उनले आत्मदाह गर्नुपरेको दाबी गर्दै नागरिकहरू लगातार सडक प्रदर्शनमा उत्रिएका छन् । नेपालीको उपचारका क्रममा निधन भएपछि सरकारको कार्यशैलीमाथि सदनदेखि सडक र सामाजिक सञ्जालसम्म प्रश्न उठे । तर, प्रधानमन्त्री शाहसहित रास्वपाको शीर्ष नेतृत्वबाट औपचारिक प्रतिक्रिया नआएको भन्दै आलोचना भइरहेको छ । गृहमन्त्री सुधन गुरुङले भने महानगर प्रहरी काठमाडौं स्थानीय सरकारअन्तर्गत पर्ने भन्दै संसद्मै विवादित अभिव्यक्ति दिए ।

सरकारमाथि अर्को दबाब मिटरब्याजपीडितबाट परेको छ । २०८० फागुनमा तत्कालीन गृहमन्त्री रवि लामिछानेको पहलमा सरकार र मिटरब्याजपीडितबीच चारबुँदे सहमति भएको थियो । तर, सहमति कार्यान्वयन नभएको भन्दै पीडितहरू पुनः जनकपुरबाट काठमाडौंसम्म पैदल यात्रा गरिरहेका छन् ।

उनीहरूले न्यायका लागि फेरि काठमाडौं धाउनुपरेको भन्दै सरकारप्रति असन्तुष्टि जनाएका छन् । चार दिनदेखि यात्रा गरिरहेको टोली रौतहटको बागमती पुल पार गरिसकेको छ । ३५ जिल्लाका करिब ४०० पीडित सहभागी रहेको टोलीले दैनिक २० देखि २६ किलोमिटर पैदल यात्रा गर्दै काठमाडौं पुग्ने लक्ष्य लिएको छ ।

मिटरब्याजपीडितको आन्दोलनले सरकारलाई अर्को कारणले पनि अप्ठ्यारो बनाएको छ । किनभने प्रधानमन्त्री बन्नुअघि जनकपुरको तिरहुतियागाछीमा आयोजित कार्यक्रममा वालेन्द्रले न्यायका लागि मधेसका जनता काठमाडौं आउनुपर्ने अवस्था अन्त्य गर्ने प्रतिबद्धता व्यक्त गरेका थिए । अहिले भने त्यही क्षेत्रबाट पीडितहरू फेरि न्याय माग्दै राजधानीतर्फ पैदलयात्रा गरिरहेका छन् ।

सरकारविरुद्धको असन्तुष्टि पीडित समुदायमा मात्र सीमित छैन । वर्तमान सरकार निर्माणमा निर्णायक मानिएको जेन-जी आन्दोलनमा सक्रिय युवाहरू पनि अहिले सडकमा उत्रिएका छन् । आइतबार उनीहरूले सरकारको कार्यशैलीप्रति असन्तुष्टि जनाउँदै प्रदर्शन गरेका हुन् ।

राजनीतिशास्त्री भेषराज घिमिरेका अनुसार सरकारका लागि चुनौती विपक्षी दलबाट होइन, आफ्नै प्रतिबद्धता पूरा हुन नसक्दा नागरिकको अपेक्षा निराशामा बदलिनु हो । १०० दिनअघि परिवर्तन र सुशासनको आशा बोकेको सरकार अहिले आफ्नै घोषणापत्र र कार्यसूचीको कार्यान्वयनबारे प्रश्नको घेरामा परेको देखिन्छ ।

सुकुमबासी व्यवस्थापन, आत्मदाहको घटनापछि उठेका प्रश्न, मिटरब्याजपीडितको पुनःआन्दोलन र जेन-जी समूहको सडक प्रदर्शनले सरकारको सामाजिक स्वीकार्यता परीक्षणको चरणमा पुगेको देखिएको छ । यी मुद्दामा सरकारको स्पष्ट धारणा र प्रभावकारी कार्यान्वयन नआए जनअसन्तुष्टि अझ विस्तार हुन सक्ने देखिएको छ ।

■ ■ ■

## गणेशको परिवार...

पालिकामा रोजगारी उपलब्ध गराउने, उनकी छोरीको उच्च शिक्षासम्मको सम्पूर्ण खर्च महानगरपालिकाले व्यहोर्ने तथा आगामी कार्यपालिका बैठकबाट आश्रित परिवारलाई उचित राहत रकम उपलब्ध गराउने उल्लेख छ ।

यस्तै, अन्त्येष्टिका लागि आवश्यक सम्पूर्ण व्यवस्था, काठमाडौंमा काजक्रिया अवधिभर बसोबास र आफन्तजनको आवतजावत खर्च महानगरपालिकाले व्यहोर्ने सहमति भएको छ । शव बुझ्ने, पोस्टमार्टमलगायत कानुनी प्रक्रिया सहज बनाउन दुवै पक्षले सहकार्य गर्ने तथा पीडित परिवारका एकाघरका सदस्यको स्वास्थ्य बिमाको व्यवस्था स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयमार्फत मिलाइने छ ।

नेपालीले काठमाडौंमा आत्मदाहको प्रयास गरेपछि उपचारका क्रममा वीर अस्पतालमा निधन भएको थियो । घटनापछि दोषीमाथि कारबाही र पीडित परिवारलाई न्यायको माग गर्दै प्रदर्शन हुँदै आएको थियो । आइतबार भएको नौ बुँदे सहमतिपछि सरकारले छानबिन र राहतका प्रक्रिया अघि बढाउने प्रतिबद्धता जनाएको छ ।

■ ■ ■

## मन्त्रीहरूको...

उनले सडक सुरक्षाको विषय सरकारले सम्बोधन गर्न नसकेको भन्दै यातायात मन्त्रालयको मागसमेत गरेका थिए । शुक्रबार सामाजिक सञ्जालमार्फत यातायात मन्त्रालयको माग राखेका उनको आलोचना भएपछि उक्त स्टाटस हटाएका छन् । भेटमा मन्त्री हेरफेरबारे छलफल भए पनि तत्काल मन्त्रिपरिषद् पुनर्गठन गर्ने पक्षमा प्रधानमन्त्री शाह नरहेको बताइएको छ ।

### सचिवालयमाथि पनि प्रश्न

सभापति लामिछानेले प्रधानमन्त्री शाहको सचिवालयका कारण सरकारको आलोचना बढेको छलफलमा बताएका थिए । सचिवालयमा परिपक्व व्यक्ति नहुँदा विपक्षीले इन्टरटेन गरिरहेको लामिछानेले बताएको स्रोतका भनाइ छ ।

अहिले प्रधानमन्त्रीका प्रमुख सल्लाहकारमा कुमार बेन र राजनीतिक सल्लाहकारमा असिम शाह छन् । असिम नेतृत्वको संविधान संशोधन बहसपत्र कार्यदलबाट चार दल बाहिरिएका छन् । जसका कारण पनि सरकार आलोचित बनाएको छ ।

### सरकारमाथि चर्को आलोचनापछि जुरेको भेट

फागुन २१ गतेको निर्वाचन रास्वपाले निर्वाचनमै प्रधानमन्त्रीको उम्मेदवार वालेन्द्रलाई बनाएको थियो । १८२ सिट जितेसँगै रास्वपाले वालेन्द्रको नेतृत्वमा सरकार बनायो । सय दिन नपुग्दै वालेन्द्र नेतृत्वको सरकार कुटनीतिदेखि युवाको विषयमा चर्को आलोचनामा पर्‍यो ।

भारतसँगको सीमा विवाद, भन्सार शुल्क विवाद, युवाहरूमा देखिएको असन्तुष्टि, मन्त्रीहरूको कार्यशैलीको कारण वालेन्द्र नेतृत्वको सरकार आलोचित बन्न थालेको हो । पछिल्लो समय देशभर मलको अभावका कारण पनि जनता सरकारसँग रुष्ट बनेको छ । चौतर्फी आलोचना बढेपछि वालेन्द्र लामिछाने भेट्न पुगेका हुन् ।

यसअघि विभिन्न मञ्चमा फरकफरक अभिव्यक्ति आएकोले अब एकमतका साथ धारणा राख्ने विषयमा पनि छलफल भएको प्रधानमन्त्रीको सचिवालयले जनायो ।

■ ■ ■

## वैदेशिक रोजगारीका...

पेरिसाकी आमा र बुबा सँगै बस्दैनन् । आमासँग कुरा गर्दा सो विषय बुबामार्फत मिलाउन भन्ने गरेको जनाइएको छ ।

पछिल्लो समय वैदेशिक रोजगारीको नाममा हुने व्यक्तिगत ठगीको घटनामा कमी आएको छैन । चालु आर्थिक २०८२/८३ को ११ महिनामा चार हजार ९७३ वटा व्यक्तिगत ठगीको उजुरी दर्ता भएको विभागको तथ्यांक छ । चिनजानको व्यक्ति र सामाजिक सञ्जालका आकर्षक विज्ञापनको विश्वास गर्दा बेरोजगार युवाहरू ठगिँदै आएका छन् । ठगीमा संलग्न व्यक्तिले पैसा असुल्न धेरै वटा खाता प्रयोग गर्ने, विदेशमा लुकेर बस्ने आदि गर्नाले कारबाहीको दायरामा ल्याउन कठिन हुने गरेको विभागले बताउँदै आएको छ ।

■ ■ ■

## सेमिफाइनलमा...

फ्रान्स र स्पेनबीचको पहिलो सेमिफाइनल खेल मंगलबार राति हुने छ । अर्जेन्टिना र इंगल्याण्डबीचको दोस्रो सेमिफाइनल बुधबार राति हुने छ । उपाधि दाबेदार मानिएका यी चार टोलीबीचको सेमिफाइनल भिडन्त रोचक र प्रतिस्पर्धात्मक हुने अपेक्षा गरिएको छ ।

आइतबार बिहान भएको क्वाटरफाइनल खेलमा इंगल्याण्डले नर्वेलाई २-१ गोलले पराजित गर्‍यो । इङ्ल्याण्डका लागि रियल म्याड्रिडबाट व्यावसायिक फुटबल खेल्दै आएका जुड बेलिङघमले दुवै गोल गरेका हुन् । इङ्ल्याण्ड आठ वर्षपछि विश्वकपको सेमिफाइनलमा पुगेको हो ।

पहिलोपटक विश्वकपको क्वाटरफाइनलमा पुगेको नर्वे प्रतियोगिताबाट बाहिरिएको छ । खेलको ३६औं मिनेटमा एण्ड्रियास स्केल्डरअपले गोल गर्दै नर्वेलाई अग्रता दिलाएका थिए । तर, उक्त अग्रता कायम राख्न नसक्दा नतिजा इंगल्याण्डलाई सुम्पँदै नर्वेले विश्वकप यात्रा टुंग्याएको हो । आइतबार नै भएको अन्तिम क्वाटरफाइनल खेलमा साविक विजेता अर्जेन्टिनाले स्विट्जरल्याण्डलाई ३-१ गोलले पराजित गर्‍यो । उक्त जितसँगै अर्जेन्टिनाले सेमिफाइनलमा इंगल्याण्डसँगको भेट पक्का गरेको हो ।

अतिरिक्त समयको ११२औं मिनेटमा जुलियन अल्भारेजले अर्जेन्टिनाका लागि निर्णायक गोल गरेका थिए । अतिरिक्त समयको अन्तिम क्षणमा लाउटारो मार्टिनेजले अर्को गोल थपेका थिए । अर्जेन्टिनाका लागि पहिलो गोल एलेक्सिस म्याक एलिस्टरले लियोनेल मेसीको कर्नर पासमा गरेका थिए । मेसीको लगातार नौ विश्वकप खेलमा गोल गर्ने शृंखला यस खेलमा रोकियो । तर, अर्जेन्टिनाको लगातार दोस्रो विश्वकप उपाधि जित्ने अभियान भने कायम रहेको छ ।

दोस्रो हाफमा रेफ्रीको एउटा निर्णय विवादको विषय बन्यो । ६७औं मिनेटमा डान एनडोयेले स्विट्जरल्याण्डका लागि बराबरी गोल गरेपछि लिआण्ड्रो पारेडेसलाई ब्रिल एम्बोलोमाथि फाउल गरेको भन्दै पहेँलो कार्ड देखाइएको थियो । तर भिडियो समीक्षामा सम्पर्क हुनुअघि नै एम्बोलो लडेको देखिएपछि निर्णय संशोधन गरियो । यसअघि नै पहेँलो कार्ड पाइसकेका एम्बोलोलाई अन्ततः मैदानबाट बाहिर पठाइएपछि स्विट्जरल्याण्ड १० खेलाडीमा सीमित भयो ।

विश्वकपमा 'गलत खेलाडीको पहिचान'सम्बन्धी नियम प्रयोग गरी भिडियो सहायक रेफ्रीको हस्तक्षेपबाट कार्डको निर्णय परिवर्तन गरिएको यो दोस्रो घटना हो । स्विट्जरल्याण्डलेसन् १९५४ पछि पहिलोपटक विश्वकपको क्वाटरफाइनल खेलेको थियो ।

यसअघि शनिबार बिहान भएको खेलमा फ्रान्स मोरक्कोलाई २-० तथा स्पेन बेल्जियमलाई २-१ गोलले पराजित गर्दै सेमिफाइनलमा पुगेका हुन् । फ्रान्स अघिल्लो विश्वकपको उपविजेता हो । कतारमा भएको सन् २०२२ को विश्वकपमा फाइनलमा अर्जेन्टिनासँग फ्रान्स पेनाल्टी सुटआउटमा पराजित हुँदै उपविजेतामा सीमित भएको थियो ।

# समता शिक्षा सेवा शुल्कमा पुनर्विचार गर्न आग्रह

**काठमाडौं (प्रस)**– निजी शिक्षालय सञ्चालकका विभिन्न संगठनहरूले सरकारले लागू गरेको तीन प्रतिशत समता शिक्षा सेवा शुल्कबारे पुनर्विचार गर्न आग्रह गरेका छन् ।

निजी तथा आवासीय विद्यालय अर्गनाइजेसन (प्याब्सन), उच्च शिक्षालय तथा माध्यमिक विद्यालय संघ (हिसान), राष्ट्रिय निजी तथा विद्यालय एसोसिएसन (नेसनल प्याब्सन) र 'एसोसिएसन अफ प्रि-स्कुल एजुकेटर्स नेपाल' (अपेन)ले आइतबार संयुक्तरूपमा पत्रकार सम्मेलन आयोजना गरी उक्त शुल्क व्यावहारिक र न्यायोचित नभएको उल्लेख गर्दै यसको कार्यान्वयनबारे पुनर्विचार गर्न सरकारसँग आग्रह गरेका हुन् ।

संगठनका अध्यक्षहरू कृष्णप्रसाद अधिकारी (प्याब्सन), युवराज शर्मा (हिसान), सुवास न्यौपाने (नेसनल प्याब्सन) र कृष्णकुमार बोहरा (अपेन)द्वारा जारी संयुक्त विज्ञप्तिमा पुनर्विचार गर्न आग्रह गरिएको हो ।

पत्रकार सम्मेलनमा निजी शिक्षालयका लागि १० लाख रूपैयाँसम्मको शैक्षिक ऋणको व्यवस्था गर्न तथा सार्वजनिक बिदा, शैक्षिक सत्र र शिक्षा नियमावली (१०औं संशोधन) लगायतका नीतिगत विषयमा निर्णय गर्दा सम्बन्धित पक्षसँग परामर्श गर्न पनि सरकारसँग आग्रह गरिएको छ ।

# देशभर वर्षा: विशेष सतर्कता अपनाउन आग्रह

**काठमाडौं (प्रस)**– काठमाडौं उपत्यकासहित देशका विभिन्न स्थानमा वर्षा भइरहेको छ । वर्षासँगै काठमाडौंका बागमती, विष्णुमती, टुकुचालगायतका नदी तथा खोलामा पानीको बहाव उल्लेख्यरूपमा बढेको छ ।

लगातार वर्षाका कारण राजधानीका विभिन्न सडकमा पानी जम्दा सवारी आवागमन प्रभावित भएको थियो । केही स्थानमा ट्राफिक व्यवस्थापनमा चुनौती देखिएको भन्दै ट्राफिक प्रहरीले आवश्यक सतर्कता अपनाउन चालक तथा यात्रुलाई आग्रह गरेको छ ।

जल तथा मौसम विज्ञान विभागका अनुसार कोशी, बागमती र गण्डकी प्रदेशका विभिन्न भूभागमा भारीदेखि अतिभारी वर्षा हुने सम्भावना छ । विभागले मनसुन सक्रिय रहेकाले बाढी, पहिरो तथा गेग्रान बहावको जोखिम उच्च रहेको जनाएको छ ।


## युएइ/मलेसियामा रोजगार

कम्पनी : TECHNICAL TOUCH GENERAL MAINTENANCE

पूर्व स्वीकृति मिति : २०८२/१०/१५ पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/२८ LT. No. 338011 चलानी नं. ६०२५१४८५

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ac Mechanic | 3 | 0 | 1500 | ६२,२६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | Carpenter Assistant | 3 | 0 | 1200 | ४९,८०५ | | | | | | | |
| 3 | Concrete Masons | 2 | 0 | 1500 | ६२,२६० | | | | | | | |
| 4 | Electrician | 2 | 0 | 1500 | ६२,२६० | | | | | | | |
| 5 | Electrician Assistant | 2 | 0 | 1500 | ६२,२६० | | | | | | | |
| 6 | Mason Bricks | 3 | 0 | 1500 | ६२,२६० | | | | | | | |
| 7 | Plumber | 3 | 0 | 1500 | ६२,२६० | | | | | | | |
| 8 | Reinforce Fitter Assistant | 2 | 0 | 1200 | ६२,२६० | | | | | | | |
| 9 | Tile Layer | 2 | 0 | 1500 | ६२,२६० | | | | | | | |

कम्पनी : M & R INTEGRATED SOLUTIONS SDN BHD

पूर्व स्वीकृति मिति : २०८२/१२/30 पुन विज्ञापन स्वीकृति मिति : २०८३/०३/२८ LT. No. 340566 चलानी नं. ६०२५३९८४

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव RM | मासिक तलव ने.रू. | ओभर टाइम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Machine Operator/Machinist | 2 | 0 | 1700 | ६३,७१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मिति : २०८३ साउन ४ गते (20th July 2026) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोष सम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २५९५/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

MINAWA Govt.Lic. No- 1168/073/074

MINAWA RECRUITMENT H.R. PVT LTD
Pingalasthan-09, Kathmandu (Nepal), T: 01-4591510, 01-4591511
E:-minawarecruitment@gmail.com I w:-www.minawarecruitment.com



नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालयको
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०६९/०६/०१ मा दर्ता भएको **प्रा. लि. नं. ९७३४३** को **पान प्यासिफिक ट्रेडिङ्ग हाउस प्रा. लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८३/०३/२६ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८३/०३/२९ गते

यस कम्पनीको मिति २०८३/०१/३१ को विशेष साधारण सभाको निर्णयबाट यस कम्पनीको नाम मेल मार्केज ब्युटी एकेडेमी प्रा.लि.बाट परिवर्तन गरी ए.एम.युनिसेक्स सैलुन एण्ड एकेडेमी प्रा.लि. गरिएको र कम्पनी रजिष्ट्रारको कार्यालयको मिति २०८३/०२/१८ को निर्णयले स्विकृति प्रदान गरेको हुँदा साविक नामको कम्पनीको सम्पूर्ण सम्पत्ति दायित्व, कर आदि र शैक्षिक कार्यक्रमहरू यसै परिवर्तित कम्पनी **ए.एम.युनिसेक्स सैलुन एण्ड एकेडेमी प्रा.लि.** को नामबाट सञ्चालन गरिने जानकारी सहित यो सार्वजनिक सूचाना प्रकाशित गरिएको छ ।



**कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८३/०३/२९ गते

यस कम्पनीको मिति २०८३/०३/१५ को साधारण सभा/विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनी **अव्रोड कन्सन्टीङ सोलुसन प्रा.लि.** को नाममा रहेको सम्पूर्ण चलअचल, सम्पत्ति तथा तिर्नु व्यहोर्नुपर्ने सम्पूर्ण कर दायित्व आदि नाम परिवर्तित कम्पनीले सकार्ने व्यहोर्ने गरी कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०८३/०३/२२ गतेको निर्णय अनुसार नाम परिवर्तन गरी **एन.एस. स्मार्ट एजुकेशन कन्सन्टेन्सी प्रा.लि. (प्रा.लि.नं. १६०७४७)** कायम गरिएको व्यहोरा सम्बद्ध सबैका लागि जानकारी गराइन्छ ।


## आजको राशिफल



**ज्यो. गुरु अनन्त**
अनन्त योग अल्केमी
स्वयम्भू, काठमाडौं, नेपाल
फोन : ९८४९२०३४५६

सोमबार, २९ असार, २०८३

| | |
|---|---|
| मेष | साझेदारी तथा आर्थिक कारोबारमा सावधानी अपनाउनुहोस् । |
| वृष | नयाँ कामको अवसर मिल्न सक्छ। आर्थिक पक्षमा सुधार हुनेछ । परिवारको सहयोग प्राप्त हुनेछ । |
| मिथुन | व्यवसाय र जागिरमा प्रगति हुने दिन छ। पुरानो रोकिएको काम अघि बढ्ने सम्भावना छ । |
| कर्कट | आत्मविश्वास बढ्नेछ । अध्ययन, लेखन र सञ्चार क्षेत्रमा सफलता मिल्ने योग छ । |
| सिंह | घरपरिवारसँग सम्बन्धित जिम्मेवारी बढ्न सक्छ । भावनामा बगेर निर्णय नगर्नुहोस् । |
| कन्या | छोटो यात्रा वा महत्वपूर्ण भेटघाटको सम्भावना छ । नयाँ योजना सुरु गर्न दिन राम्रो छ । |
| तुला | आर्थिक लाभका अवसर देखिन्छन कार्यक्षेत्रमा प्रशंसा प्राप्त हुन सक्छ । स्वास्थ्य सामान्य रहनेछ । |
| वृश्चिक | नयाँ काम सुरु गर्न वा निर्णय लिन अनुकूल समय छ । परिवारबाट साथ र सहयोग मिल्नेछ । |
| धनु | गोप्य योजना अरूसँग साझा नगर्नुहोस ध्यान र विश्रामले मानसिक शान्ति मिल्नेछ । |
| मकर | मित्र तथा सहकर्मीबाट सहयोग प्राप्त हुनेछ। आम्दानीका नयाँ स्रोत खुल्न सक्छन् । |
| कुम्भ | पेशागत क्षेत्रमा राम्रो उपलब्धि मिल्ने सम्भावना छ । वरिष्ठ व्यक्तिको सहयोग प्राप्त हुनेछ । |
| मीन | अध्ययन, वैदेशिक योजना वा लामो यात्राका विषयमा सकारात्मक संकेत देखिन्छ । |

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला प्रहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक प्रहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल ४४१४७९८/४४२७४५२ | |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५र६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६र६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्सर शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातब्य चिकित्सालयरशववाहन सेवा | ४२५५५४०/४२५५५४१ |
| (काठमाडौं) भक्तपुर रेडक्रस | ६६१२२६६ |
| **एम्बुलेन्सररक्तसञ्चार सेवा नेसनल** | |
| किडनी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर ट्याक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

२९ असार, २०८३ (१३ जुलाई २०२६)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रूपैयाँ | १०० को | १६०.०० | १६०.१५ |
| अमेरिकी डलर | १ को | १५२.२३ | १५२.८३ |
| युरो | १ को | १७३.९६ | १७४.६५ |
| पाउन्ड स्टिर्लङ | १ को | २०४.१५ | २०४.९५ |
| स्विस फ्रैन्क | १ को | १८८.६४ | १८९.३८ |
| अस्ट्रेलियन डलर | १ को | १०५.७५ | १०६.१७ |
| क्यानाडियन डलर | १ को | १०७.४३ | १०७.८६ |
| सिङगापुर डलर | १ को | ११७.९१ | ११८.३७ |
| जापानी येन | १० को | ९.४१ | ९.४५ |
| चिनियाँ युआन | १ को | २२.४६ | २२.५५ |
| साउदी अरब रियाल | १ को | ४०.५५ | ४०.७१ |
| कतारी रियाल | १ को | ४१.७८ | ४१.९४ |
| थाई भाट | ख १ को | ४.५७ | ४.५९ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ४१.४५ | ४१.६१ |
| मलेसियन रिङेट | १ को | ३७.४० | ३७.५५ |
| दक्षिण कोरियन वन | १०० को | १०.१२ | १०.१६ |
| स्विडिस क्रोनर | १ को | १५.८० | १५.८६ |
| डेनिस क्रोनर | १ को | २३.२७ | २३.३६ |
| हङकङ डलर | १ को | १९.४२ | १९.५० |
| कुवेती दिनार | १ को | ४९४.६५ | ४९६.६० |
| बहराइन दिनार | १ को | ४०३.७६ | ४०५.३५ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्याबीधक विनिमय दर बैंकको वेभसाइट www .nrb .org .np मा उपलब्ध हुनेछ ।



**काठमाडौंको मनोरम दृश्य** | काठमाडौंको तारकेश्वर नगरपालिका-५ मुड्खुभञ्ज्याङबाट शनिबार दिउँसो मौसम खुलेपछि देखिएको मनोरम दृश्य । *तस्बिरः रासस*

# राजधानीको प्यास मेटाउने सुन्दरीजलमा नै खानेपानी अभाव

■ पूर्णप्रसाद मिश्र

**काठमाडौं–** काठमाडौं उपत्यकाको प्रमुख खानेपानी आपूर्ति केन्द्र सुन्दरीजलका स्थानीय वर्षौंदेखि खानेपानी नपाउँदा काकाकुलको नियति भोग्न बाध्य छन् ।

राजधानीमा वितरण गरिने मेलम्चीको पानी सुन्दरीजलमा प्रशोधन हुने भए पनि गोकर्णेश्वर र कागेश्वरी मनोहरा नगरपालिकाका धेरै बस्तीमा नियमितरूपमा खानेपानी आपूर्ति नहुँदा त्यहाँका स्थानीय ढुंगेधारा, कुवा र सार्वजनिक धारामा निर्भर छन् । मुहान क्षेत्रका बासिन्दाले नै खानेपानी नपाएको विषयमा स्थानीय तथा संघीय जनप्रतिनिधिले वर्षौंदेखि सरकारको ध्यानाकर्षण गराउँदै आए पनि समस्या समाधान भएको छैन ।

संसद्को खानेपानी तथा पूर्वाधारसँग सम्बन्धित समितिको गत साताको बैठकमा काठमाडौं निर्वाचन क्षेत्र नं ३ का सांसद राजुनाथ पाण्डेले गोकर्णेश्वर क्षेत्रमा खानेपानीको समस्या समाधान नभए मेलम्चीको पानी राजधानीमा आपूर्ति हुन नदिने चेतावनी दिएका थिए । शनिबार उनले सुन्दरीजलस्थित पानी प्रशोधन केन्द्रमा काठमाडौं उपत्यका खानेपानी लिमिटेड (केयुकेएल) का प्रतिनिधिसँग बैठक गरी स्थानीय समस्या समाधानका लागि आवश्यक पहल गर्न निर्देशन दिए ।

सिन्धुपाल्चोकको हेलम्बु गाउँपालिका-१ बाट २७.५ किलोमिटर सुरुङमार्फत सुन्दरीजल आइपुग्ने मेलम्चीको पानी यहीँ प्रशोधन गरी राजधानीमा वितरण गरिन्छ । यसका साथै बागमती नदीको पानी पनि सुन्दरीजलबाट प्रशोधन गरी उपत्यकाका विभिन्न क्षेत्रमा वितरण हुँदै आएको छ तर पानीको स्रोतस्थल आसपासका बासिन्दा भने अझै नियमित खानेपानी सेवाबाट वञ्चित छन् ।

कागेश्वरी मनोहरा नगरपालिका-३ भद्रवासकी सावित्री सापकोटाले १० लिटर खानेपानीका लागि गोकर्णेश्वर नगरपालिका-१ रूपसेटारस्थित सार्वजनिक धारासम्म करिब आधा घण्टा पैदल जानुपर्ने र पानी भर्ने पालोको प्रतीक्षामा दुई घण्टासम्म समय खर्चिनुपर्ने बाध्यता सुनाइन् । 'धारामा सधैँ लामो लाम हुन्छ, घण्टौंको प्रतीक्षा पछिमात्र पालो आउँछ,' उनी दुखेसो पोख्छिन् ।

सोही वडाका केशवप्रसाद पुडासैनीले नगरपालिकाले विभिन्न खानेपानी आयोजना सम्पन्न गरेको दाबी गरे पनि दिगो व्यवस्थापन नहुँदा संविधानले प्रत्याभूत गरेको स्वच्छ खानेपानीको अधिकारबाट स्थानीयवासी वञ्चित हुनुपरेको गुनासो गरे । गोकर्णेश्वर नगरपालिकाका प्रवक्ता नारायणबहादुर सुवेदीले नगरपालिकाले आफ्नै बजेटबाट आवश्यक पाइप बिछ्याएर केयुकेएललाई हस्तान्तरण गरे पनि अपेक्षित रूपमा खानेपानी वितरण हुन नसकेको स्वीकार गरे ।

स्थानीयवासी प्रेम श्रेष्ठका अनुसार सुन्दरीजलस्थित पुरानो बागमती पानी प्रशोधन केन्द्र लामो समयदेखि प्रभावकारीरूपमा सञ्चालन हुन नसक्दा स्थानीय क्षेत्रमा शुद्ध पानी वितरण प्रभावित भएको छ । उनले केन्द्रको शीघ्र मर्मत गरी स्थानीय बासिन्दालाई नियमित र स्वच्छ खानेपानी उपलब्ध गराउन माग गरे ।

केयुकेएलका प्रबन्ध निर्देशक रामरतन साहले सुन्दरीजल क्षेत्रमा समस्या पुरानो वितरण प्रणालीका कारण भएको बताए । पञ्चायतकालमा निर्माण गरिएको पाइपलाइन अहिलेको जनघनत्व धान्न नसक्ने अवस्थामा पुगेकाले नयाँ वितरण प्रणाली निर्माण गर्ने विषयमा सांसद पाण्डेसँग सहमति भएको उनले जानकारी दिए ।

यसैबीच, सुन्दरीजलको बागमतीतर्फको पुरानो पानी प्रशोधन केन्द्र प्रभावकारीरूपमा सञ्चालन हुन नसक्दा बौद्ध क्षेत्रसम्म वितरण हुने पानी धमिलो हुने गरेको अत्तरखेलका स्थानीयवासी नोर्साङ शेर्पाले गुनासो गरे । उनका अनुसार यस्तो पानी प्रयोग गर्दा कपडा राम्रोसँग सफा नहुने र नुहाएपछि शरीर चिलाउने समस्या हुने गरेको छ । नागरिक समाजले एक दशकदेखि यो विषय उठाउँदै आए पनि सम्बन्धित निकायबाट प्रभावकारी सुनुवाइ नभएको उनले बताए । *रासस*

# बजेट अभावले लम्बियो लमजुङ दरबार पुनर्निर्माण



**लमजुङ–** यहाँस्थित ऐतिहासिक सम्पदा लमजुङ दरबारको पुनर्निर्माण बजेट नियमित उपलब्ध हुन नसक्दा लम्बिएको छ । दुई वर्षभित्र सम्पन्न गर्ने लक्ष्यका साथ सुरु गरिएको पुनर्निर्माण बजेट अभावका कारण तोकिएको समयमा पूरा हुन सकेको छैन ।

बेँसीसहर नगरपालिका-३ गाउँसहरस्थित समुद्री सतहबाट एक हजार ४४५ मिटर उचाइमा रहेको लमजुङ दरबारको पुनर्निर्माण पुरातत्त्व विभागमार्फत भइरहेको हो । आर्थिक वर्ष २०७९/८० देखि सुरु भएको कामका लागि विभिन्न आर्थिक वर्षमा बजेट विनियोजन हुँदै आएको थियो ।

पुरातत्त्व विभागका इञ्जिनियर गोविन्द अधिकारीका अनुसार सुरुमा दुई वर्षभित्र निर्माण सम्पन्न गर्ने लक्ष्य राखिएको थियो । तर आवश्यक बजेट समयमा उपलब्ध हुन नसक्दा निर्माण अवधि लम्बिएको हो । उनका अनुसार चालु आर्थिक वर्षमा ३५ लाख रूपैयाँबराबरको ठेक्काबाट भइरहेको निर्माण गत जेठ १५ गतेभित्र सम्पन्न गर्ने लक्ष्य रहे पनि तोकिएको समयमा पूरा हुन सकेन ।

हालसम्म यस चरणअन्तर्गत करिब ५० प्रतिशत काम सम्पन्न भएको छ भने करिब ३० प्रतिशत रकम भुक्तानी भइसकेको छ । हाल दरबारमा गारो तथा पर्खाल निर्माण, काठका बिम तयार गर्ने तथा छानो राख्नका लागि आवश्यक काठको संरचना तयार गर्ने काम भइरहेको उनले बताए ।

निर्माण सम्झौताको म्याद सकिएपछि तोकिएको व्यवस्थाअनुसार दैनिक ०.०५ प्रतिशतका दरले जरिवाना कट्टा हुँदै निर्माण जारी रहेको अधिकारीले जानकारी दिए । 'अब करिब डेढ हप्ताभित्र यो चरणको काम सकिने अपेक्षा गरेका छौं । चालु आर्थिक वर्षको बजेटबाट दरबारतर्फ छानो राख्न आवश्यक काठको संरचना करिब आधासम्म तयार हुनेछ भने कालिका मन्दिरतर्फको काम पूरा हुन्छ,' उनले भने ।

उनका अनुसार दरबारमा छानो राख्ने काम भने आगामी बजेटको व्यवस्था भएपछि मात्रै अघि बढ्ने छ । आवश्यक बजेट समयमै विनियोजन भए आगामी आर्थिक वर्षमै पुनर्निर्माण सम्पन्न गर्न सकिने भए पनि बजेट अभाव कायम रहे निर्माण अवधि थप लम्बिन सक्ने उनले बताए ।

आव २०७९/८० मा एक करोड ३३ लाख रूपैयाँ र आव २०८०/८१ मा ५० लाख रूपैयाँ बजेट विनियोजन गरिएको थियो । तर आवश्यकता अनुसार निरन्तर बजेट उपलब्ध हुन नसक्दा बर्सेनि चरणबद्धरूपमा काम गर्नुपर्ने अवस्था आएको विभागको भनाइ छ । पुनर्निर्माण लम्बिँदा ऐतिहासिक सम्पदाको संरक्षणमा चुनौती थपिएको छ । निर्माण सामग्री लामो समय खुला अवस्थामा रहँदा वर्षायाममा क्षति पुग्ने जोखिमसमेत रहेको स्थानीयको भनाइ छ ।

गाउँसहर कालिका मन्दिर संरक्षण तथा व्यवस्थापन समितिका अध्यक्ष राजेन्द्र बोहोराले लमजुङ दरबार ऐतिहासिक, धार्मिक तथा पर्यटकीय महत्त्व बोकेको सम्पदा भएकाले पुनर्निर्माण छिटो सम्पन्न हुनुपर्ने बताए । 'लमजुङ दरबार धार्मिक आस्थाको केन्द्रसँगै ऐतिहासिक तथा पर्यटकीय महत्त्वको स्थल हो । निर्माण कार्य लामो समयसम्म लम्बिँदा यहाँ आउने पर्यटक तथा दर्शनार्थीलाई समेत असहज भएको छ । आवश्यक बजेटको व्यवस्था गरी पुनर्निर्माण छिट्टै सम्पन्न गर्न सके दरबारको आकर्षण अझ बढ्ने थियो,' उनले भने ।

उनका अनुसार शाहवंशीय इतिहाससँग जोडिएको यस दरबारको पुनर्निर्माण सम्पन्न भएपछि स्थानीय पर्यटन प्रवर्द्धनमासमेत महत्त्वपूर्ण योगदान पुग्ने अपेक्षा गरिएको छ । शाहवंशीय राज्यकालको उद्गमस्थल मानिने लमजुङ दरबार जिल्लाको महत्त्वपूर्ण ऐतिहासिक सम्पदामध्ये एक हो ।

दरबार परिसरमा रहेको कालिका मन्दिर यस क्षेत्रको प्रमुख धार्मिक आस्थाको केन्द्रका रूपमा परिचित छ । चैते दसैं र फूलपातीका अवसरमा यहाँ ठूलो मेला लाग्ने गर्दछ । बेँसीसहर बजारबाट करिब आठ किलोमिटर दूरीमा रहेको लमजुङ दरबार पुरानै शैली र स्वरूपमा पुनर्निर्माण भइरहेको छ । *रासस*

# मोदीखोलाको कटानले पर्यटकीय स्थल घान्द्रुक जाने सडक बन्द



**पर्वत–** कास्की र पर्वत हुँदै बग्ने मोदीखोलामा आएको बाढीले प्रसिद्ध पर्यटकीय क्षेत्र घान्द्रुक जोड्ने नयाँपुल-बिरेठाँटी-घान्द्रुक सडक अवरुद्ध बनेको छ । कास्कीको अन्नपूर्ण गाउँपालिका-११ किमुङमा आइतबार बिहानदेखि भइरहेको भारी वर्षाका कारण विभिन्न ठाउँमा पहिरो जाँदा मोदीखोलामा पानीको बहाव बढेको हो ।

बाढीले कास्कीको अन्नपूर्ण गाउँपालिका-८ र वडा नं १० को सिमाना सेउलीबजार नजिकै सडक कटान गर्दा घान्द्रुक जोड्ने सडक पूर्णरूपमा बन्द भएको हो । यसैगरी सोही ठाउँमा रहेको स्थानीय दिपिल गुरुङको रेस्टुरेन्ट तथा घर पूर्ण रूपमा बगाएको छ भने जगन पुनको रेस्टुरेन्टमा पनि क्षति पुगेको छ ।

कास्कीको अन्नपूर्ण गाउँपालिकाअन्तर्गत खोला किनारका स्थानीयका घरहरू बाढीको उच्च जोखिममा रहेका अन्नपूर्ण गाउँपालिका-७ का वडाध्यक्ष भरतमान गुरुङले जानकारी दिए । निरन्तर वर्षा भइरहेको र बाढी घट्ने संकेत नदेखिएको भन्दै उनले आवश्यक सुरक्षा सतर्कता अपनाउन सबैलाई आग्रह गरे । गुरुङको रेस्टुरेन्टबाट केही सामान स्थानीयको सक्रियतामा सुरक्षित स्थानमा सारिएको भन्दै उनले कुनै मानवीय क्षति भने नभएको जानकारी दिए ।

सडक अवरुद्ध हुँदा पर्यटकीय गाउँ घान्द्रुक, लान्द्रुकलगायत ठाउँमा जाने सयौं सवारीसाधन अलपत्र बनेका छन् । यसैगरी अन्नपूर्ण चक्रीय पदमार्गमा घुम्नका लागि आएका आन्तरिक तथा बाह्य पर्यटकसमेत प्रभावित बनेका छन् । कतिपय यात्रु तथा पर्यटक पैदल हिँडेर गन्तव्यतर्फ गइरहेको प्रहरीले जनाएको छ । तत्काल सडक खुलाउन सक्ने सम्भावना नरहेकाले केही समय आवागमन प्रभावित हुने प्रहरीले जनाएको छ ।

मोदीखोलामा दिउँसो ३:०० बजेदेखि पानीको सतह बढेपछि सतर्कता अपनाउन आग्रह गरिएको छ । जिल्ला प्रशासन कार्यालय पर्वत, जिल्ला प्रहरी कार्यालय पर्वत र मोदी गाउँपालिकाले तटीय क्षेत्रमा रहेका बासिन्दालाई आवश्यक सतर्कता अपनाउन आग्रह गरेका छन् । प्रमुख जिल्ला अधिकारी लक्ष्मीप्रसाद पौडेलले मोदीखोला किनारमा बसोबास गर्नेहरूलाई आवश्यक सावधानी अपनाउन आग्रह गरे ।

यसैबीच खोलामा पानीको अत्यधिक बहाव बढ्दा मोदीखोलामा सञ्चालित चारवटै विद्युत् गृहले उत्पादन बन्द गरेका छन् । मध्यमोदी, मोदीखोला, तल्लो मोदी र युनाइटेड मोदी जलविद्युत् आयोजनाले उत्पादन बन्द गरेको तल्लो मोदी जलविद्युत् आयोजनाका जनसम्पर्क अधिकृत सुरेन्द्र बेलवासेले जानकारी दिए । उनका अनुसार चारवटै विद्युत् गृहबाट उत्पादन बन्द हुँदा झण्डै ७४ मेगावाट विद्युत् प्रभावित बनेको छ । मोदीखोलाको पर्वत खण्डमा सुरक्षा सावधानी तथा आवश्यक जोखिम न्यूनीकरणका लागि थप प्रहरी परिचालन गरिएको जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब उपरीक्षक विजय यादवले जानकारी दिए । *रासस*

• GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL •

## तपसिलका ऋणीहरुलाई कर्जा चुक्ता गर्न आउने सम्बन्धी ३५(पैंतिस) दिनको अत्यन्त जरूरी सूचना

**प्रकाशित मितिः २०८३/०३/२९**

यस गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)को प्रधान कार्यालयबाट तपसिलमा उल्लेखित ऋणीहरुले मोबाइल/स्मार्ट फोन कर्जा लिनु भएकोमा उक्त कर्जाको लिखत बमोजिम यस वित्तीय संस्थामा बुझाउनु पर्ने मासिक किस्ता लगायतका अन्य रकम समेत नबुझाई ऋण कर्जा सम्बन्धी शर्त एवं बन्देज उल्लंघन गर्नु भएको र सो सम्बन्धमा तपाई ऋणीहरुलाई पटक पटक टेलिफोन मार्फत मौखिक रुपमा तरताकेता गर्दा समेत सो ऋण कर्जाको बाँकी बक्यौता किस्ता रकम चुक्ता भुक्तान गर्ने सम्बन्धमा कुनै चासो नदेखाई बेवास्ता गर्नु भएकोले ऋणीहरुलाई सो ऋण कर्जाको सम्पुर्ण रकम चुक्ता भुक्तान गर्न आउनु हुन सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरु समेतको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । अतः यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस) दिन भित्र तपाईहरुले यस वित्तीय संस्थामा सम्पर्क राखी उक्त ऋण कर्जाको सम्पुर्ण रकम अविलम्ब चुक्ता भुक्तान गर्नु होला अन्यथा संस्थाको नियम, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ एवं प्रचलित कानून बमोजिम अन्य कुनै ब्यवस्था गरी यस संस्थाको लेना रकम असुल उपर गरिने तर्फ कारवाही गरिने व्यहोरा सम्बन्धित ऋणी तथा व्यक्तिगत जमानीकर्ताहरुलाई सूचित गरिन्छ । साथै नेपाल राष्ट्र बैंकको निर्देशानूसार ऋणी तथा सम्बन्धित व्यक्तिहरुको नाम कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचिमा समावेश गरिने ब्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ ।

**तपसिल**

| क्र.सं | ऋणीको नाम | नागरिकता नम्बर | जारी जिल्ला | जारी मिति | बाबुको नाम | बाजेको नाम | ठेगाना |
|---|---|---|---|---|---|---|---|
| १ | रिमा कुमारी | ३३-०१-७८-०६९८२ | बारा | २०७८/०७/०४ | राजवंशी साह कानु | राजदेव साह | बारागढी-३, बारा |
| व्यक्तिगत जमानीकर्ता | राज कुमार साह | ३३-०१-७६-०६५१९ | बारा | २०७६/०५/२६ | बिर्जु प्रसाद साह | ब्रमहदेव साह | बारागढी-३, बारा |
| २ | सुजन मुक्तान | ३१३०४३/६ | मकवानपुर | २०६३/११/१६ | दिल बहादुर मुक्तान | दिल मान मुक्तान | भिमफेदी-९, मकवानपुर |
| व्यक्तिगत जमानीकर्ता | डिल माया तामाङ | १३३०२९/४४९ | ओखलढुङ्गा | २०७०/०२/२२ | लाल वहादुर तामाङ | राम बहादुर तामाङ | खिजीफलाटे-६, ओखलढुंगा |
| ३ | विमला मुक्तान | ३१-०१-६९-०७०८६ | मकवानपुर | २०६९/०८/११ | मंगले तामाङ्ग | काजीमान तामाङ | हाँडीखोला-२, मकवानपुर |
| व्यक्तिगत जमानीकर्ता | दावा तामाङ | ३०३०७४/७३ | काभ्रेपलान्चोक | २०६३/११/०३ | खड्ग बहादुर तामाङ | साईला तामाङ | बम्लिङ-१, काभ्रेपलान्चोक |
| ४ | बुध्दराम मुखिया | ३३१००२/६२४७ | बारा | २०६५/०२/०९ | छविलाल मुखिया | नसिव मुखिया | सिमौनगढ-२, बारा |
| व्यक्तिगत जमानीकर्ता | नवराज पोखरेल | ७९८०/१०९८० | सुनसरी | २०४५/११/१० | तिर्थ राज पोखरेल | मिन प्रसाद पोखरेल | सरुवा-२, सुनसरी |
| ५ | समिर अंसारी | ३३-०१-७९-१०८३४ | बारा | २०७९/०९/१९ | अब्दुल अंसारी | अलाम अंसारी | कलैया-६, बारा |
| व्यक्तिगत जमानीकर्ता | मुन्नी खातुन | ३३-०१-७९-१०५४५ | बारा | २०७९/०९/०८ | सटल मियाँ जोलहा | शेराज अंसारी | कलैया-६, बारा |
| ६ | लालिमा देवी मल्लिक | ३४-०१-६१-०१९१९ | पर्सा | २०६९/०६/१६ | सियावर लाल श्रीवास्तव | विन्दा प्रसाद | वीरगन्ज-१४, पर्सा |
| व्यक्तिगत जमानीकर्ता | पुष्पा कुमारी | ३४-०१-८०-१७८५६ | पर्सा | २०८०/११/०१ | रमेश मल्लिक | हरदेवलाल मल्लिक | बीरगंज-११, पर्सा |
| ७ | यमकुमार राई | ०९-०१-७४-०२५५५ | भोजपुर | २०७४/०७/१४ | नर बहादुर राई | रत्न बहादुर राई | हतुवागढी-८, भोजपुर |
| व्यक्तिगत जमानीकर्ता | जीवन राई | ०९-११-७३-००३३९ | भोजपुर | २०७३/०१/१६ | हर्कजीत राई | सखा भोले राई | पाल्लेपानी-२, भोजपुर |
| ८ | राजाबाबु प्रसाद कुर्मि | ३३-०१-७८-१६०७६ | बारा | २०७८/१२/०९ | विरेन्द्र प्रसाद कुर्मि | विजुली राउत | प्रसौनी-३, बारा |
| व्यक्तिगत जमानीकर्ता | मनिष कुमार पटेल | ३३-०१-७९-०४६०६ | बारा | २०७९/०४/२२ | राजाराम राउत कुर्मी | झकर राउत कुर्मि | महागढीमाई-२, बारा |
| ९ | आशिक कुमार यादव | ३२-०१-७९-०३१३० | रौतहट | २०७९/०४/०२ | सिकिन्द्र राय यादव | शंकर राय यादव | बौधीमाई-५, रौतहट |
| व्यक्तिगत जमानीकर्ता | ज्ञानती देवी | ३२३०४१/८ | रौतहट | २०७०/०२/१४ | राम अक्षे राय यादव | मोहन राय यादव | पिपरिया-६, रौतहट |
| १० | प्रेम प्रसाद ढकाल | ६४-०१-७५-०२६९३ | सुर्खेत | २०७५/०४/२३ | भुमिराज ढकाल | पदम प्रसाद ढकाल | लेकबेशी-१०, सुर्खेत |
| व्यक्तिगत जमानीकर्ता | प्रेम बहादुर बसेल | ६४४३२ | सुर्खेत | २०६०/०८/०४ | पदम बहादुर सार्की | इन्द्र बसेल | जर्बुटा-४, सुर्खेत |
| ११ | विमल कामत | ०५-०२-७३-००६१९ | मोरङ्ग | २०७३/०२/१३ | अधिक चन्द्र कामत | रामविलास कामत | महादेवा-४, मोरङ्ग |
| व्यक्तिगत जमानीकर्ता | देव शरण महतो | ०४-०२-७४-०३३२७ | झापा | २०७४/०५/०६ | शिव महतो नुनिया | छुट्टु महतो | दमक-९, झापा |
| १२ | वेद बहादुर खत्री | १८-०५-७६-०१३५२ | महोत्तरी | २०७६/०७/१८ | तिरथ बहादुर खत्री | बिर्खे खत्री | बर्दिवास-५, महोत्तरी |
| व्यक्तिगत जमानीकर्ता | सेखर बोहोरा | १८-०५-७६-०१२४९ | महोत्तरी | २०७६/०६/३० | नारायण बहादुर बोहोरा | काजी बोहोरा | बर्दिवास-५, महोत्तरी |
| १३ | मिलन कमर | २६-०१-७४-१०२०० | धादिङ् | २०७४-१०-२८ | इश्वर कमर | तिलक बहादुर कमर | धुनीबेंशी-८, धादिङ् |

**गुडविल फाइनान्स लिमिटेड (वित्तीय संस्था)**
**GOODWILL FINANCE LIMITED**
नेपाल राष्ट्र बैंकबाट "ग" वर्गको इजाजतप्राप्त राष्ट्रियस्तरको संस्था

**केन्द्रिय कार्यालय**
हात्तीसार, काठमाण्डौं, पो.ब.नं. ८८६७
फोनः ४५४४०३५, फ्याक्सः ४५४३४१४
इमेलः info@goodwill.net.np

• GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL • GFIL •

प्रभाव दैनिक
National Daily

सम्पादकीय

## सुकुमबासीको पुनर्स्थापनामा सरकारको लाचारी

सरकारले बाढी वा डुबानबाट बचाउन भन्दै गत वैशाख १२ गते बागमती नदी किनाराका जोखिम बस्तीबाट भूमिहीनलाई हटाएको थियो । चाँडै नै पुनर्स्थापना गर्ने वाचासहित सरकारले भूमीहीनलाई काठमाडौं, भक्तपुरदेखि काभ्रेका विभिन्न स्थानमा ‘होल्डिङ सेन्टर’ बनाएर राख्यो । काठमाडौंका नदी किनारबाट भूमिहीनको उठीबास गराउँदा सरकारले सक्कली सुकुमबासी नभएको परिकल्पना गरेको थियो । सरकारले त्यतिबेला भूमिहीनलाई लखेट्ने रणनीति नै बनाएको थियो । तर जब भूमिहीन सूचीकृत हुन थाल्यो सरकारले तत्काल यसको समाधान गर्ने कुनै उपाय देखेन ।

सरकारले होल्डिङ सेन्टरबाटै पनि हटाउनेगरी राहत रकम दिने घोषणा गऱ्यो । प्रतिपरिवार २५ हजार रूपैयाँ रकमले सुकुमबासीको परिवारलाई केही पुग्ने देखिएन । जसका कारण उनीहरूले होल्डिङ सेन्टर छाडेनन् । योसँगै शुक्रबार राति कीर्तिपुरको होल्डिङ सेन्टरमा बाढी पस्यो । डुबानबाट जोगाउन सुरक्षित स्थान लगेको दाबी गरेको सरकारले भूमिहीनलाई बाढीबाट बचाउन सकेन । जसकारण भूमिहीनका बिचल्ली देखिएपछि सरकार अहिले यो समस्या समाधान गर्न डटेर लागेको देखिन्छ । आइतबारमात्र सरकारका पाँच मन्त्री लाइन लागेर भक्तपुरको खरीपाटीस्थित होल्डिङ सेन्टर पुगे । गृहमन्त्री सुधन गुरुङ, शिक्षामन्त्री सस्मित पोखरेल, स्वास्थ्यमन्त्री निशा मेहता, भूमिमन्त्री प्रतिभा रावल, महिला तथा बालबालिकामन्त्री सीता वादी, र श्रममन्त्री रामजी यादव खरीपाटी होल्डिङ सेन्टर पुगेका हुन् । त्यहाँ पुगेर मन्त्रीहरूले उल्टै सुकुमबासी नै निर्देशन दिन भ्याए– समन्वय पुगेन तपाईंहरूको । समन्वय गर्नुस् । हामी सहयोग गर्छु ।

बाढीले बिचल्ली पारेपछि सुकुमबासीको पीडा देख्ने सरकारले अहिलेसम्म उनीहरूको व्यवस्थापनका लागि प्रभावकारी योजना ल्याउन सकेको छैन । स्थानीय सरकार, विभिन्न संघसंस्थाको समन्वयमा सुकुमबासीले आफ्नो ज्यान पालिरहेका छन् । सरकारले भने सुकुमबासीको तथ्यांकसमेत लिन सकेको छैन ।

सुशासन, छिटोछरितो काम गर्ने वाचासहित सरकारमा आएको राष्ट्रिय स्वतन्त्र पार्टीका मन्त्रीहरू अहिले कुरा धेरै, काम कम गर्ने प्रवृत्तिका देखिएका छन् । सामाजिक सञ्जालमा चर्का कुरा गर्ने, वास्तविक काम भने नगर्ने उनीहरूको प्रवृत्ति पुरानै दलहरूकै निरन्तरता हो । सुकुमबासीलाई बासस्थानबाट उठाएर समन्वय सरकारले गर्ने कि सुकुमबासीले गर्नुपर्ने ? आफैंमा अचम्मलाग्दो विषय हो । यो सरकारको असक्षमता हो । यसरी उदांगो बनेर सरकार सञ्चालन गरिरहनु आफैंमा लज्जास्पद विषय पनि हो । काठमाडौं नदी किनारको सुकुमबासीलाई बिचल्ली बनाएको सरकारले बर्दिया बढैयातालका केही सुकुमबासीलाई भने लालपुर्जा बाँडेको छ । यस्तो कार्यशैलीले सरकारलाई पाँच वर्ष टिकाउन चुनौती हुने निश्चित रहेको कुरामा प्रधानमन्त्रीको ध्यान जाओस् ।

श्रम सरोकार

## वैदेशिक रोजगारीका क्रममा समस्यामा परे के गर्ने ?

वैदेशिक रोजगारीका क्रममा विभिन्न समस्या आइपर्न सक्छन् । त्यसैले त्यस्ता सम्भावित समस्याप्रति पहिले नै सतर्क रहनुपर्छ । कुन समस्या आउँदा कहाँ सम्पर्क गर्ने भन्नेबारे पूर्वतयारीका साथ रहनुपर्छ । रोजगारदाता वा कार्यस्थलमा कुनै पनि कुरामा चित्त नबुझेमा नेपाली दूतावासमा गई उजुरी गर्नुपर्छ । तपाईंले त्यहाँको श्रम मन्त्रालयको कानुन उल्लंघन शाखामा पनि उजुरी गर्न सक्नुहुन्छ । उजुरी दर्ता गर्न कुनै शुल्क तिर्नुपर्दैन । उजुरीका लागि तपाईंसँग राहदानी तथा करारनामाको प्रतिलिपि हुनु आवश्यक हुन्छ । उजुरी दर्ता भएपछि त्यो आधिकारिक हुन्छ । समस्या समाधान नभएसम्म तपाईंलाई उनीहरूले देशनिकाला गर्न मिल्दैन । यद्यपि, राजदूतावासले खटाएको वकिललाई आफ्नो वारेसनामा दिई स्वेच्छाले त्यो देश छोड्न सक्नुहुन्छ । तपाईंलाई थाहा नदिई रोजगारदाताले तपाईंको प्रवेशाज्ञा रद्द गराएको अवस्थामा पनि यस्तै वारिसनामा दिई त्यो देश छाड्न सक्नुहुन्छ ।

नेपालमा भएका सहयोगी संस्थाहरूको टेलिफोन नम्बर साथमा राख्नुहोस् । नेपाली दूतावास वा त्यहाँको श्रम मन्त्रालयसम्म तपाईं जान सक्नुहुन्न भने तपाईंका लागि यस्ता संस्थाहरूले उजुरी दर्ता गराई सहयोग गर्न सक्छन् । यसका लागि तपाईंको पूरा नाम, राहदानीको प्रतिलिपि वा नम्बर, तपाईं बस्ने ठाउँको ठेगाना, मोबाइल नम्बर, काम गर्ने कम्पनीको नाम, उजुरीको छोटो विवरण र दूतावासबाट कस्तो सहयोग खोज्नुभएको हो भन्नेबारे सहयोगी समूह वा संस्थालाई जानकारी गराउनुहोस् ।

उजुरी गर्ने कामदारलाई कुनै-कुनै रोजगारदाताले देशनिकाला गराउन खोज्छन् । तपाईंको इच्छाविना तपाईंलाई देशनिकाला गराउन खोजेको कुरा अनुगमन गर्ने अधिकारीलाई भन्नुहोस् । उनीहरूले सहयोगका लागि नेपाली दूतावासमा सम्पर्क गर्ने छन् । खाडी मुलुकबाट बाहिरिन सुरुमा करारनामा गरेको रोजगारदाताको अनुमति चाहिन्छ । मालिक, प्रायोजक वा रोजगारदाताले कामदारले देश छोड्दा कुनै आपत्ति छैन भन्ने पत्रमा हस्ताक्षर गर्नुपर्छ । कुनै अपराध गर्नुभएको छैन भने करार अवधि पूरा भएपछि तपाईंलाई घर फर्किने अधिकार छ । रोजगारदाताले फर्कन दिँदैन भने नेपाली राजदूतावासमा उजुरी दिनुहोस् ।

# न्यायपालिकामा ‘एआई’को प्रयोग



मोहनकुमार दाहाल

> नेपालको न्यायपालिकाले एआईको प्रयोगलाई नवप्रवर्तनको औजारको रूपमा अँगालेको छ, तर अब यो प्रविधि न्यायाधीशको सहायकमात्र नभई मुख्य निर्णयकर्ता बन्नुपर्ने समय आएको छ । यस नीतिले एआईको प्रयोगको सीमा र दायरा स्पष्ट पारेको छ, तर जनताको माग र आवश्यकताअनुसार यसलाई परिमार्जन गरी एआईलाई नै फैसलाको केन्द्रमा राख्नुपर्छ । न्यायपालिका, कानुन व्यवसायी, नीति निर्माता र सबै सरोकारवालाहरु मिलेर एआईको यस यात्रालाई सही दिशामा अघि बढाउनु आवश्यक छ ।

नेपालको न्यायपालिकामा कृत्रिम बुद्धिमत्ता (एआई) को प्रयोग अब अपरिहार्य बनिसकेको छ । सर्वोच्च अदालतको फुलकोर्टले ‘न्यायपालिकाको सूचना तथा सञ्चार प्रविधि नीति, २०८३’ पारित गर्दै न्यायिक कामकारबाहीमा आधुनिक प्रविधिको प्रयोगको औपचारिक बाटो खोलेको छ । यस नीतिले एआईलाई कानुनी अनुसन्धान, मुद्दा व्यवस्थापन र प्रशासनिक कार्यहरूमा सहायकको रूपमा प्रयोग गर्ने मार्गप्रशस्त गरेको छ, तर सबैभन्दा महत्त्वपूर्ण कुरा, यसले न्यायिक निर्णय प्रक्रियालाई एआईको प्रभावबाट मुक्त राख्ने स्पष्ट सीमारेखा कोरेको छ । यो नीति आफैंमा नेपालको न्यायपालिकाको डिजिटल रूपान्तरणको दिशामा एउटा महत्त्वपूर्ण कोसेढुंगा हो, जसले प्रविधि र मानवीय विवेकबीचको सन्तुलन कायम राख्ने प्रयास गरेको छ ।

यस नीतिको सबैभन्दा उल्लेखनीय पक्ष भनेको एआईको प्रयोग र यसको दुरूपयोगबीचको स्पष्ट विभाजन हो । नीतिमा स्पष्ट उल्लेख गरिएअनुसार एआईलाई मस्यौदा लेखन, अध्ययन-अनुसन्धान र मुद्दासम्बन्धी विवरण तथा कागजातहरू मेसिनले पढ्नसक्ने ढाँचामा डेटाबेस तयार गर्न प्रयोग गर्न सकिने छ । यसले न्यायाधीश, कानुनी अनुसन्धानकर्ता र वकिलहरूलाई मुद्दासँग सम्बन्धित पूर्वाधार, फैसला र कानुनी सन्दर्भहरू छिटो र सहजरूपमा खोजी गर्न सहयोग पुऱ्याउने छ । तर, न्यायिक निर्णय, फैसला र रिट निवेदन लेखनजस्ता कार्यहरू पूर्णरूपमा मानवीय विवेकको दायरामा रहने छन् र त्यहाँ एआईको कुनै हस्तक्षेप स्वीकार्य हुने छैन । यसले स्पष्ट संकेत गर्छ कि एआईलाई न्यायाधीशको सहायकको रूपमामात्र प्रयोग गरिने छ, विकल्पको रूपमा होइन ।

तर, नेपालको न्यायपालिकामा एआईको आवश्यकता किन अपरिहार्य बनेको छ भन्ने प्रश्नको गहिरो जवाफ न्यायालयको वर्तमान अवस्थासँग जोडिएको छ । वर्षौंदेखि नेपालको न्यायिक प्रणाली विभिन्न विकृतिहरूले ग्रसित छ । आफन्तको प्रभाव, आर्थिक शक्तिको दुरूपयोग, राजनीतिक दलहरूको हस्तक्षेप, र शक्तिशाली व्यक्तिहरूको दबाबमा न्यायाधीश र वकिलहरूलेसमेत वकालत गर्ने अवस्था सिर्जना भएको छ । अन्तिम फैसला प्रायः कानुनको शासनभन्दा पनि व्यक्तिगत स्वार्थ, सम्बन्ध र राजनीतिक समीकरणले निर्धारण गर्ने गरेको छ । यो दुर्भाग्यपूर्ण अवस्थाले न्यायप्रति जनविश्वासलाई गम्भीररूपमा कमजोर बनाएको छ । साधारण नागरिकले अदालतलाई निष्पक्ष न्यायको मन्दिरको रूपमा हेर्नुको सट्टा शक्तिशालीहरूको खेल मैदानको रूपमा हेर्न थालेका छन् । यही विकृतिलाई अन्त्य गर्ने एउटा मात्र विकल्पको रूपमा एआईको प्रयोगले आशा जगाएको छ । यदि फैसला एआईबाट हुने हो भने यी सबै विकृतिहरू स्वतः निष्क्रिय हुन्छन् किनभने एआईमा न आफन्त हुन्छ, न आर्थिक लेनदेनको मोह, न राजनीतिक दबाब र न कुनै प्रकारको पक्षपात ।

एआईको सहायक भूमिकामात्र होइन, पूर्ण निर्णय शक्ति हुनुपर्छ भन्ने तर्क पनि बलियो बन्दै गएको छ । कानुनी अनुसन्धानमा एआईले अत्यन्तै महत्त्वपूर्ण भूमिका खेल्न सक्छ । नीति निर्माणमा संलग्न सहसचिव अमित उप्रेतीका अनुसार एआईको प्रयोग मुख्यतया कानुनी अनुसन्धानमा केन्द्रित गराइने छ । अहिले कानुन व्यवसायीहरूले कुनै मुद्दाको तयारी गर्दा पुराना फैसला, कानुनी व्याख्या र सन्दर्भ सामग्रीहरू खोज्न घण्टौं बिताउनुपर्ने अवस्था छ । एआईले यी सबै सामग्रीहरूलाई मेसिनले पढ्नसक्ने ढाँचामा डेटाबेसमा संगठित गर्ने छ, जसले गर्दा सान्दर्भिक कानुनी सन्दर्भहरू सेकेण्डमै भेट्टाउन सकिने छ । तर, यसको प्रयोग केवल अनुसन्धानमामात्र सीमित नगरी न्यायिक निर्णय प्रक्रियामासमेत विस्तार गर्नुपर्ने माग बढ्दो छ । किनभने एआईले विशाल डेटाबेसको विश्लेषणगरी निष्पक्ष, पूर्वाग्रहविहीन र तथ्यमा आधारित फैसला दिन सक्छ, जुन मानवीय विवेकभन्दा बढी विश्वसनीय हुन सक्छ । यसले कानुनी अनुसन्धानलाई मात्र छिटो बनाउँदैन, यसको गुणस्तर पनि सुधार गर्ने अपेक्षा गरिएको छ । किनभने एआईले मानवीय भूलका कारण छुटेका सन्दर्भहरू पनि पत्ता लगाउन सक्छ ।

यद्यपि, एआईको यो आगमनले साथमा गम्भीर चुनौती र जोखिमहरू पनि ल्याएको छ । सर्वोच्च अदालतका मुख्य रजिस्ट्रार विमल पौडेलले एआईबाट फैसला लेख्दा गलत वा अस्तित्वमै नभएको कानुन उद्धृत हुनसक्ने भएकाले त्यस्तो जोखिमलाई नीतिले स्वीकार नगरेको स्पष्ट पारेका छन् । तर, यो चिन्ता पूर्णरूपमा सही हो भन्न सकिँदैन । यो गलत बुझाइ हो कि एआईलेमात्र स्वतः फैसला गर्छ र त्यसमा मानवीय संलग्नता हुँदैन । वास्तविकता भनेको एआईबाट प्राप्त निष्कर्षलाई कानुन व्यवसायीहरूको टोलीले पुनः परीक्षण र सम्पादन गर्न सक्छ । एआईले गलत कानुन वा फर्जी उदाहरणहरू उल्लेख गरेमा, त्यसको दायित्व न्यायालयमा पेस गर्ने वकिल र न्यायाधीशहरूको टोलीले बसेर समीक्षा र सच्याउनसक्ने व्यवस्था गर्न सकिन्छ । यसरी मानवीय निरीक्षणको विकल्प राख्दा एआईको जोखिमलाई न्यूनीकरण गर्न सकिन्छ । नेपालको न्यायिक प्रणालीले कागजातको ‘लेखकत्व’ भन्दा यसको ‘सामग्री’ (कानुनी प्रावधान, पूर्वाधार, तर्क) को परीक्षण गर्छ, र एआईले उत्पन्न गरेको सामग्रीको निष्पक्षताले यसको विश्वसनीयतालाई स्वतः प्रमाणित गर्छ ।

यी जोखिमहरूलाई मध्यनजर गर्दै, नीतिले एआई प्रणाली प्रयोग गर्नुअघि त्यसको विश्वसनीयता, पारदर्शिता, पूर्वाग्रहविहीनता र कार्यसञ्चालनको ढाँचाको गहन विश्लेषण गर्नुपर्ने व्यवस्था गरेको छ । साथै, फैसला, रिट निवेदन तथा न्यायिक टिप्पणीहरू लेख्नजस्ता ‘विशुद्ध मानवीय विवेक र निश्चित कानुनी व्यवस्था’ प्रयोग गर्नुपर्ने विषयमा एआईको प्रयोग पूर्णरूपमा प्रतिबन्धित गरिएको छ । नीति निर्माणमा संलग्न सहसचिव अमित उप्रेतीका अनुसार एआईको प्रयोग कानुनी अनुसन्धानमा केन्द्रित गराइने छ र मानवीय निर्णयमा एआईको कुनै दबाब वा प्रभाव नपरोस् भन्नेमा विशेष ध्यान दिइएको छ ।

तर, यो सोच पुरानो र रुढिवादी हो । वर्तमान अवस्थामा जब मानवीय निर्णय नै भ्रष्ट र पक्षपातपूर्ण छ, तब एआईलाई सहायकमात्र नराखी निर्णय प्रक्रियामासमेत संलग्न गराउनु नै न्यायको पक्षमा हुने छ । यसले स्पष्ट गर्छ कि नीतिको मूल उद्देश्य एआईलाई न्यायिक निर्णयको सहायकको रूपमामात्र प्रयोग गर्नु हो, तर जनताको माग भनेको एआईले नै निष्पक्ष फैसला दिने हो । यसको विकल्प होइन, मुख्य निर्णयकर्ताको रूपमा एआईको प्रयोग आजको आवश्यकता हो ।




एआईको प्रयोगले कानुनी पेशेवरहरूको गोपनीयता दायित्व पालना गर्न नसक्ने जोखिम पनि बढाएको छ । धेरैजसो एआई उपकरणहरूले प्रयोगकर्ताले प्रविष्ट गरेको डेटा संकलन गरी आफ्ना मोडलहरूलाई थप तालिम दिन प्रयोग गर्छन् । जब एक वकिलले आफ्नो मुद्दाको गोप्य सूचना र कागजातहरू एआईमा इन्पुट गर्छन्, तब त्यो सूचना तेस्रो पक्ष (एआई प्रदायक) सम्म पुग्छ, जसले ग्राहकको गोपनीयता उल्लंघन गर्नुका साथै नेपालको संविधानको धारा २८ र व्यक्तिगत गोपनीयता ऐन, २०७५ को पनि उल्लंघन गर्दछ । यसले अधिवक्ताहरूको आचारसंहिता (२०८०) विपरीत ग्राहकको सहमतिविना नै सूचना तेस्रो पक्षमा पुऱ्याउने गम्भीर नैतिक समस्या पनि उत्पन्न गरेको छ । कानुन व्यवसायी र ग्राहकबीचको सम्बन्ध गोपनीयतामा आधारित हुन्छ, र एआईको प्रयोगले यस गोपनीयतालाई नै खतरामा पार्न सक्छ । तर, यो समस्या समाधान गर्न नेपालमा नै एआई प्रणाली विकास गरेर डेटा सुरक्षा सुनिश्चित गर्न सकिन्छ । विदेशी क्लाउड सेवाको सट्टा स्थानीय सर्भर र एआई मोडल विकास गरेमा गोपनीयताको समस्यालाई धेरै हदसम्म सम्बोधन गर्न सकिन्छ ।

एआई प्रणालीहरूको ‘ब्ल्याक बक्स’ प्रकृति अर्को चुनौती हो । धेरैजसो एआई मोडलहरू, विशेषगरी गहिरो सिकाइ मोडलहरू, कसरी निर्णयमा पुग्छन् भन्ने बुझ्न गाह्रो हुन्छ । यस पारदर्शिताको अभावले न्यायिक प्रणालीमा एआईको प्रयोगलाई झन् जटिल बनाउँछ, किनभने न्यायिक निर्णयहरू पारदर्शी र व्याख्यायोग्य हुनुपर्छ । यदि कुनै एआई प्रणालीले कुनै सिफारिस वा विश्लेषण प्रदान गर्छ भने, त्यसको आधार र तर्कशक्ति बुझ्न सकिनुपर्छ । साथै, एआई मोडलहरूमा रहेको पूर्वाग्रह पनि गम्भीर समस्या हो । यदि एआईलाई तालिम दिन प्रयोग गरिएको डेटामा कुनै प्रकारको पूर्वाग्रह छ भने एआईले त्यही पूर्वाग्रहलाई पुनः उत्पन्न गर्न सक्छ, जसले न्यायिक निर्णयलाई प्रभावित पार्न सक्छ । तर, यो समस्या पारदर्शी एआईको विकास र नियमित लेखापरीक्षणमार्फत समाधान गर्न सकिन्छ । यदि एआईको प्रत्येक निर्णयको पछाडिको तर्क र डेटाको उत्पत्ति खुला गरिन्छ भने विश्वसनीयता र पारदर्शिता सुनिश्चित गर्न सकिन्छ । यसर्थ, एआई प्रणालीको निष्पक्षता र पूर्वाग्रहविहीनता सुनिश्चित गर्नु अत्यन्तै महत्त्वपूर्ण छ र यो सम्भव पनि छ ।

नेपाल बार एसोसिएसनका अध्यक्ष प्रा.डा. विजयप्रसाद मिश्राले पनि एआईको प्रयोगलाई ‘सहायक उपकरण’ का रूपमामात्र प्रयोग गर्नुपर्ने र यसले वकिलहरूको आलस्य र सिर्जनशीलतामा कमी ल्याउन सक्ने चेतावनी दिएका छन् । तर, यो चिन्ता पनि पुरानो सोच हो । प्रविधिको विकासले सधैं नयाँ अवसरहरू सिर्जना गर्छ । एआईले वकिलहरूलाई आलसी बनाउँदैन, बरु उनीहरूलाई रचनात्मक र रणनीतिक काममा बढी समय दिन्छ । उनले पिटिसन, प्रतिवाद र बहस नोटहरू वकिलहरूको स्वतन्त्र बौद्धिक सिर्जना हुनुपर्नेमा जोड दिएका छन् । बार काउन्सिलले एआईबाट तयार पारिएका मस्यौदाहरूको शब्दशः प्रतिलिपि गर्दा हुने कानुनी जोखिम र क्षतिपूर्तिसम्बन्धी मुद्दाहरूमा काम गरिरहेको छ, साथै वकिलहरूलाई प्रविधिमा दक्ष बनाउन विशेष तालिम कार्यक्रम पनि सञ्चालन गर्दै छ । यसले देखाउँछ कि बारले पनि एआईको बढ्दो प्रभावलाई स्वीकार गर्दै यसको जोखिम न्यूनीकरण र दक्षता अभिवृद्धि दुवैमा ध्यान दिन थालेको छ । तर, बारले अझै पनि एआईलाई निर्णयकर्ताको रूपमा स्वीकार गर्न नसक्नु यसको रूढिवादिताको परिचायक हो ।

एआईको प्रयोगले कानुनी पेसामा देखिने अर्को चुनौती भनेको यसले पेसागत सीप र पदानुक्रममा पार्न सक्ने प्रभाव हो । कागजात समीक्षा उपकरणहरूले हजारौं पृष्ठ छिटो स्क्यान गर्न सक्छन्, जसले वरिष्ठ वकिलहरूलाई रणनीतिक सोचका लागि समय दिन्छ तर कनिष्ठ वकिलहरूको सिक्ने अवसरहरू (पुनरावृत्ति, गहन पठन) मा कमी ल्याउन सक्छ । तर, यो चुनौतीलाई अवसरमा बदल्न सकिन्छ । कनिष्ठ वकिलहरूलाई एआईको प्रयोगमा दक्ष बनाउनु र उनीहरूलाई उच्चस्तरीय कानुनी विश्लेषणमा संलग्न गराउनु नै यसको समाधान हो ।

त्यसैगरी, एआई प्लेटफर्महरूले वकिलहरूको प्रोफाइल अनुकूलन, मुद्दाको पूर्वानुमान र सिफारिस गर्ने काम गर्दा पेसागत प्रतिष्ठाको पदानुक्रम पनि परिवर्तन हुन सक्छ, जहाँ अनुभव र कानुनी सीप भन्दा एल्गोरिदमिक पहुँच र डेटाको उपयोगले बढी महत्त्व पाउन सक्छ । यसले कानुनी पेसालाई थप प्रतिस्पर्धी र प्रविधिनिर्भर बनाउने खतरा छ, तर यो संसारभरिकै प्रवृत्ति हो र नेपाल पनि यसबाट अछुतो रहन सक्दैन ।

यी सम्पूर्ण चुनौतीहरूको बाबजुद, नेपालको न्यायपालिकाले एआईको एकीकरणलाई सकारात्मकरूपमा लिएको छ । सर्वोच्च अदालतले नेपाल बार एसोसिएसन, सरकारी वकिल, न्याय सेवाका कर्मचारी र सेवाग्राहीहरूलाई एआईको प्रयोग र यसका जोखिमबारे तालिम दिने तथा सचेतना अभियान सञ्चालन गर्ने योजना बनाएको छ । यो नीति आफैंमा एआईको न्यायिक क्षेत्रमा उपयोगिता, जोखिम र नैतिक पक्षहरूबारे छलफल र शिक्षाको प्रारम्भिक कदम हो, जसलाई समयानुकूल परिमार्जन गर्दै लैजाने प्रधानन्यायाधीश शर्माको प्रतिबद्धता रहेको छ । नीति निर्माणको यो पहिलो चरण आफैंमा ऐतिहासिक हो, तर यसको सफल कार्यान्वयन, नियमित अनुगमन र आवश्यक संशोधनलेमात्र यसको दीर्घकालीन सफलता निर्धारण गर्ने छ । सबैभन्दा महत्त्वपूर्ण कुरा, एआईलाई निर्णयकर्ताको रूपमा मान्यता दिन नीतिलाई समयमै संशोधन गर्नु अत्यन्तै जरुरी छ ।

नेपालको सन्दर्भमा, एआईको विकास र प्रयोगका लागि राष्ट्रिय नीति पनि निर्माण भइरहेको छ । सन् २०२५ मा नेपाल सरकारले राष्ट्रिय कृत्रिम बुद्धिमत्ता नीति, २०२५ ल्याएको छ, तर यसमा न्यायपालिकामा एआईको प्रयोगसम्बन्धी स्पष्ट नीति भने समावेश गरिएको छैन । नीति कार्यान्वयन योजनाले डेटा सुरक्षा, गोपनीयता र एआई-अनुकूल कानुन संशोधनको परिकल्पना गरेको भए पनि कानुनी क्षेत्रको विशिष्ट आवश्यकतालाई सम्बोधन गर्न थप पहल आवश्यक छ । न्यायिक प्रणालीको विशिष्टता र यसको संवेदनशीलतालाई मध्यनजर गर्दै, न्यायपालिकाले आफ्नै छुट्टै एआई नीति विकास गर्नु आवश्यक थियो, र सर्वोच्चले त्यो गरेको छ । तर, अबको आवश्यकता भनेको एआईलाई निर्णय प्रक्रियामा एकीकृत गर्ने स्पष्ट मार्गचित्र बनाउनु हो, जसले विकृतिहरूको अन्त्य गर्न सकोस् ।

भविष्यमा, एआईको प्रयोगलाई थप विस्तार गर्न सकिने सम्भावित क्षेत्रहरूमा आदेश प्रणालीको स्वचालन, मुद्दाको विश्लेषण, र कानुनी पूर्वानुमान समावेश छन् । सर्वोच्च अदालतले एआईको सहयोगमा आदेश प्रणालीमा राख्ने कार्य सुरु गर्ने तयारी गरेको छ । यसले मुद्दाको स्थिति ट्र्याक गर्न र प्रशासनिक कार्यलाई सहज बनाउन मद्दत गर्ने छ । साथै, सर्वोच्च अदालतको आइटी विभागले आन्तरिकरूपमा विकास गरेको स्वचालित प्रणालीले उच्च अदालतहरूमा मुद्दा सूचीकरण निर्धारण गर्ने काम गरिरहेको छ, जुन एआईको परिभाषामा नपरे पनि स्वचालनको एउटा उदाहरण हो । तर, यी सबै सहायक भूमिकामात्र हुन् । साँचो परिवर्तन तब आउँछ जब एआईलाई न्यायिक निर्णय प्रक्रियाको केन्द्रमा राखिन्छ । न्यायाधीशहरूले आफ्नो विवेकको प्रयोग गर्नुको सट्टा एआईको विश्लेषण र सिफारिसलाई आधार बनाउनुपर्ने माग बढ्दो छ ।

अन्त्यमा, न्यायालयको पूर्वाग्रह र पक्षपातविहीनता सुनिश्चित गर्न एआई नै सबैभन्दा प्रभावकारी उपाय हो । एआईको सहयोगले न्यायिक कामकारबाहीमा पारदर्शिता ल्याउन सक्छ र कागजातहरूको विश्लेषणलाई सहयोग पुऱ्याउन सक्छ । तर अन्तिम फैसला सधैं मानवीय विवेकको परिणाम हो भन्ने पुरानो अवधारणाले अब न्यायको पक्षमा काम गर्दैन । जब मानवीय विवेक नै भ्रष्ट र पक्षपातपूर्ण छ, तब त्यसलाई नै आधार बनाउनु विकृतिलाई निरन्तरता दिनु हो ।

भारतको सर्वोच्च अदालतका न्यायाधीश सूर्य कान्तले ‘मानवीय निरीक्षण गैरवार्तालापयोग्य’ छ भनी भनेका छन्, तर नेपालको सन्दर्भमा यो धारणा परिवर्तन हुनुपर्छ । एआईले गलत कानुन उद्धृत गर्न सक्ने जोखिमलाई मानवीय समीक्षाको माध्यमबाट व्यवस्थापन गर्न सकिन्छ, तर एआईको निर्णयलाई मानवीय निर्णयले ओभरराइड गर्ने व्यवस्था भने विकृतिको ढोका खुला राख्नु हो ।

नेपालको न्यायपालिकाले एआईको प्रयोगलाई नवप्रवर्तनको औजारको रूपमा अँगालेको छ, तर अब यो प्रविधि न्यायाधीशको सहायकमात्र नभई मुख्य निर्णयकर्ता बन्नुपर्ने समय आएको छ । यस नीतिले एआईको प्रयोगको सीमा र दायरा स्पष्ट पारेको छ, तर जनताको माग र आवश्यकताअनुसार यसलाई परिमार्जन गरी एआईलाई नै फैसलाको केन्द्रमा राख्नुपर्छ । न्यायपालिका, कानुन व्यवसायी, नीति निर्माता र सबै सरोकारवालाहरू मिलेर एआईको यस यात्रालाई सही दिशामा अघि बढाउनु आवश्यक छ, ताकि प्रविधिको लाभ लिँदै न्यायको मूल्यलाई पुनः स्थापित गर्न सकियोस् र न्यायप्रति जनविश्वासलाई पुनर्जीवित गर्न सकियोस् । यो परिवर्तन अपरिहार्य छ र यसको सफलतामा नै नेपालको न्यायपालिकाको भविष्य निर्भर छ ।



**शनिबारे हाट** | लमजुङको मध्यनेपाल नगरपालिका-४ दुईपिप्लेको शनिबारे हाटबजारमा रैथाने कृषिजन्य तरकारी तथा फलफूल किनबेच गर्दै स्थानीय महिला । *तस्बिर: रासस*

# माइखोला बेलासेमा बेलीब्रिजमार्फत सवारी सञ्चालन

■ रामकुमार लिम्बू

**फिक्कल (इलाम)–** इलाम सदमुकामबाट झापाको व्यापारिक केन्द्र विर्तामोड जोड्ने छोटो दूरीको केचना-कञ्चनजंगा सडक (मेची कोरिडोर) अन्तर्गत माइखोला बेलासेमा बेलीब्रिज जडान सम्पन्न भएको छ । इलाम गरपालिका-११ को सोयाक र माइ नगरपालिका-९ को चिसापानी जोड्ने माइखोला बेलासेमा चालु आर्थिक वर्षमा संघीय सरकारको एक करोड ११ लाख २८ हजार रूपैयाँको लागतमा बेलीब्रिज जडान सम्पन्न भएको हो ।

सडक डिभिजन कार्यालयका प्रमुख पवन भट्टराईका अनुसार माइखोला बेलासेको बेलीब्रिज निर्माण सम्पन्न भई सञ्चालनमा आइसकेको छ । १८० फिट लम्बाइ र १४ फिट चौडाइको उक्त बेलिब्रिज निर्माणको जिम्मा बिबी-मेरिस्का-मल्लिका-साइना जेभीले पाएको थियो । भारत सरकारबाट अनुदानस्वरूप प्राप्त भएको बेलिब्रिज निर्माणका सामग्री भारतीय प्राविधिक आएर जडा गरेकाले काम सम्पन्न भएको उनले जानकारी दिए ।

यहाँ रहेको पक्की पुल गत असोज १८ गतेको वर्षासँगै आएको बाढीले भाँचेपछि बेलीब्रिज जडान गरी यातायात सञ्चालन गरिएको सुचारु गरिएको प्रमुख पवन भट्टराई बताए । पुल भाँचिएपछि सडक डिभिजन कार्यालयले हिउँदयाममा अस्थायी डाइभर्सन निर्माण गरी यातायात सञ्चालन गरेको थियो ।

बेलीब्रिज जडान भएपछि ताप्लेजुङ र पाँचथरका विभिन्न क्षेत्रबाट इलामको नेपालटार-मंगलबारे हुँदै झापा जान र झापाबाट पाँचथर र ताप्लेजुङ फर्कन यातायात व्यवसायी र यात्रीलाई सहज भएको छ । मेची राजमार्गअन्तर्गत इलाम नगरपालिका-९ माइखोलास्थित राजदुवालीमा दैनिकजसो सडक अवरुद्ध हुन थालेपछि अधिकांश यातायात व्यवसायीले यो मार्ग प्रयोग गर्न थालेका छन् ।

पाँचथरको रविबाट झापाको विर्तामोड सवारी सञ्चालन गर्दै आएका चालक सुमन रम्तले बेलिब्रिज जडानसँगै व्यवसायीलाई राहत मिलेको बताए । 'मेची राजमार्गअन्तर्गत राजदुवाली क्षेत्रमा पानी पर्नासाथ सडक अवरुद्ध हुने समस्याले यातायात व्यवसायी र यात्रीले हैरानी खेप्नु परिरहेको थियो भने जोखिम पनि उत्तिकै छ,' उनले भने, 'यो सडक सञ्चालन भएपछि हामीलाई आवागमनमा सहज भएको छ ।'

यस्तै, मेची कोरिडोरअन्तर्गत पर्ने पुवाखोलामा पनि बेलीब्रिज निर्माण भइरहेको छ । इलाम नगरपालिका-९ गोलाखर्क र वडा नं ११ सोयाक जोड्ने पुवाखोलामा बेलीब्रिज जडानका लागि भौतिक संरचनाहरू तयार भइसके जनाउँदै सडक डिभिजन कार्यालयका कार्यालयका सूचना अधिकारी इञ्जिनियर अर्जुन घिमिरेले भारतबाट अनुदानस्वरूप प्राप्त भएको बेलिब्रिज निर्माणका सामग्री ढुवानी गरी जडान गर्न बाँकी रहेको बताए ।

संघीय सरकारको दुई करोड २० लाख ३४ हजार रूपैयाँको लागतमा बेलिब्रिज जडानको जिम्मा असार मसान्तसम्म सक्नेगरी बिबी-मेरिस्का-मल्लिका-साइना जेभीले पाएको घिमिरेले बताए । 'बेलिब्रिजका लागि भौतिक संरचनाहरू तयार भइसकेका छन् तर बेलिब्रिज निर्माणका सामग्री ढुवानी नभएकाले जडान हुन सकेको छैन,' उनले भने, 'ढुवानी र जडानका लागि अझ केही समय लाग्ने देखिन्छ ।'

सो स्थानमा गत वर्ष संघीय सरकारको एक करोड ४३ लाख ७६ हजार रूपैयाँबराबरको लागतमा जडान गरिएको बेलिब्रिज पनि गत असोज १८ गते आएको बाढीले बगाएपछि सडक पूर्णरूपमा बन्द छ । बेलीब्रिज निर्माण सम्पन्न भएपछि वर्षात्को समयमा झापा, इलाम, पाँचथर, ताप्लेजुङ र तेह्रथुमका केही क्षेत्रमा सहज र नियमित यातायात सञ्चालन हुने छ । यसले त्यस क्षेत्रमा सामान ढुवानी गर्न र यात्रीलाई आवतजावतमा सहज हुने अपेक्षा गरिएको छ ।

मेची राजमार्गको वैकल्पिक सडकका रूपमा लिइएको सो सडकको इलामबाट विर्तामोडसम्म ५० किलोमिटर दूरी रहेको छ । इलाम खण्डको माई नगरपालिका क्षेत्रमा १५ किलोमिटर सडक कालोपत्र भइसकेको छ । बाँकी ठेक्का लागेर निर्माण भइरहेको छ ।

यस्तै सिमलगोला-तिल्केनी सडकअन्तर्गत जोगमाई खोलामा बेलीब्रिज निर्माण सुरु भएको छ । संघीय सरकारको तीन करोड ३७ लाख चार हजार रूपैयाँको लागतमा जडान हुने सो बेलीब्रिज निर्माणको जिम्मा डिसी कन्ट्रक्सन प्रालि उदयपुरले पाएको छ ।

बेलीब्रिज जडानका लागि भौतिक संरचना तयार भइसके पनि भारतबाट अनुदानस्वरूप प्राप्त भएको बेलिब्रिज निर्माणका सामग्री हालसम्म ढुवानी नभएकाले जडान हुन नसकेको इञ्जिनियर घिमिरेले जानकारी दिए । उक्त स्थानमा गत वर्ष संघीय सरकारको एक करोड ९१ लाख २१ हजार रूपैयाँको लागतमा निर्माण गरिएको बेलिब्रिज पनि गत असोज १८ को बाढीले बगाएको थियो । उनका अनुसार निर्माणाधीन पुवाखोला र जोगमाई खोलाको बेलिब्रिज २३० फिट लम्बाइ र १४ फिट चौडाइको हुने छ ।

दुवै खोलामा बेलीब्रिज जडानका लागि भौतिक संरचना तयार भए पनि भारतबाट बेलीब्रिज निर्माणका लागि आवश्यक पर्ने सामग्री समयमा नपठाउँदा काममा ढिलाइ भइरहेको डिभिजन प्रमुख भट्टराईले बताए । डेढ महिना अघि सबै संरचना तयार भएको जानकारी पत्र भारतमा पठाइएको भन्दै हालसम्म आवश्यक सामग्री ढुवानी नहुँदा काम रोकिएको उनले बताए ।

'भारत सरकारले आफैं ढुवानी गरेर जडानसमेत गरिदिने भन्ने सहमति भएको हो । तर त्यसका लागि अहिलेसम्म आवश्यक सामग्री ढुवानी भएको छैन,' इञ्जिनियर घिमिरेले भने, 'यस विषयमा जानकारी लिँदा यता पठाउन तयार गरिएका सामग्री प्राकृतिक विपद्का कारण उतै प्रयोग भएकाले ढिलाइ भएको जानकारी पाएका छौं ।' यथाशीघ्र ती सामग्री यता ढुवानी गरिदिनका लागि परराष्ट्र र गृह मन्त्रालयमार्फत पहल भइरहेको उनले बताए ।

'भन्सारका जाँचका लागि चार दिनअघि मात्र भारत सरकारले कागजात पठाएको जानकारी पाएका छौं । सम्भवत सोमबारसम्ममा फाइल बन्छ,' सडक डिभिजन कार्यालयका प्रमुख भट्टराईले भने, 'अबको करिब एक सातामा सबै सामग्री ढुवानी हुने सम्भावना छ, तर निश्चित भने भएको छैन ।' आवश्यक सामग्रीसहित जडान गर्ने प्राविधिक टोली पनि आएमा एउटा जडान गर्न करिब दुई साता लाग्न जनाउँदै उनले प्राविधिक टोली पनि आएमा एक महिनामा दुवै बेलीब्रिज जडान भइसक्ने उल्लेख गरे ।

यसैबीच, मेची कोरिडोरअन्तर्गत माइखोला बेलासेमा पक्की पुल निर्माण हुने भएको छ । पक्की पुल निर्माणका लागि सडक डिभिजन कार्यालयले ठेक्का आह्वान गरेको छ । यही असार १७ गते बोलपत्र आह्वान भएको र आगामी साउन १७ गते बोलपत्र खोलिने सूचना अधिकारी घिमिरेले बताए । सो पुल सम्झौता भएको ३० महिनासम्ममा निर्माण सम्पन्न गर्नुपर्ने छ । *रासस*

# उदिपुरमा पहिरो नियन्त्रणपछि डुम्रे-बैँसीसहर यात्रा बर्खा पनि सहज

**लमजुङ–** संघीय सरकारको ११ करोड १९ लाख रूपैयाँको लागतमा डुम्रे-बैँसीसहर सडकअन्तर्गत उदिपुरमा पहिरो नियन्त्रणका संरचना बनेपछि बर्खायाममा पनि सवारी आवागमन सहज भएको छ ।

डुम्रे-बैँसीसहर-चामे सडक योजना कार्यालयका सूचना अधिकारी नवीन विष्टका अनुसार मर्स्याङ्दी नदीमा माइक्रो पाइल, नदी किनारमा संरक्षण पर्खाल, ४५ मिटर अग्लो र ८० मिटर लामो ग्याबिन जाली, ३०० मिटर सडक कालोपत्र तथा सडकमाथिको पहिरो क्षेत्रमा नेलिङलगायतका संरचना निर्माण भएको छ ।

बैँसीसहरका बाबुलाल श्रेष्ठ पहिरो नियन्त्रणपछि उदिपुर क्षेत्रमा यात्रा सुरक्षित र सहज बनेको बताउँछन् । 'गत वर्ष बर्खामा पटक-पटक समस्या झेल्नु परेको थियो । कतिबेला माथिबाट ढुंगा खस्छ भन्ने डर हुन्थ्यो । अहिले भने निर्धक्क भएर यात्रा गर्न सकिन्छ । सडक राम्रो भएको छ, पहिरोको त्रास पनि छैन,' उनले भने ।

उक्त सडकमा नियमितरूपमा सवारी सञ्चालन गर्दै आएका नारायण घिमिरे पनि उदिपुर क्षेत्रमा निर्भयका साथ गाडी चलाउन पाएकामा खुसी छन् । उदिपुर क्षेत्रमा पहिरो नियन्त्रण नहुँदा हरेक दिनजसो सवारीसाधन वैकल्पिक बाटोबाट गन्तव्यतर्फ जाने गर्दथे ।

डुम्रे-बैँसीसहर सडक लमजुङमात्र नभई मनाङलाई पनि जोड्ने मुख्य मार्ग हो । यही सडकले अन्नपूर्ण चक्रीय पदमार्गलाई जोडेको छ । *रासस*

# मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरणमा मन्त्री चौधरीको जोड



■ प्रभाव संवाददाता

**चितवन–** कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले सौराहास्थित हात्ती प्रजनन तथा तालिम केन्द्रलाई व्यवस्थित गरी उत्कृष्ट पर्यटकीय गन्तव्यका रूपमा विकास गर्नुपर्नेमा जोड दिएकी छन् ।

वार्षिक करिब दुई लाख पर्यटक केन्द्रको भ्रमणमा आउने गरेकाले यसलाई अझ व्यवस्थित गर्नुपर्नेमा उनले जोड दिएकी हुन् ।

केन्द्रको निरीक्षणपछि मन्त्री चौधरीले धेरैभन्दा धेरै पर्यटकलाई आकर्षित गर्न केन्द्रलाई व्यवस्थित गर्नुपर्ने बताइन् । त्यसका लागि मन्त्रालयबाट आवश्यक सहयोग हुने उनको भनाइ थियो । मन्त्री चौधरीले केन्द्रमा कार्यरत कर्मचारीका सेवासुविधा तथा स्थायी नियुक्तिसम्बन्धी समस्याबारे पनि जानकारी लिइन् ।

उनले प्रजनन केन्द्र तथा निकुञ्ज क्षेत्रमा रहेका हात्तीको पालनपोषण र व्यवस्थापनमा विशेष ध्यान दिन निर्देशन दिइन् । हाल केन्द्रमा नौ वटा ढोई र सात वटा छावा छन् । यहाँका छावालाई हुर्काएर तालिम दिई विभिन्न कार्यमा परिचालन गर्ने गरिएको छ । निकुञ्जमा एउटा हात्तीको स्याहारका लागि तीन जनाको दरबन्दी छ ।

त्यसअघि चितवन राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत डिलबहादुर पुनले केन्द्रको अवस्था तथा समस्याबारे मन्त्री चौधरीलाई जानकारी दिएका थिए ।

मन्त्री चौधरीले असार २० गते भरतपुर महानगरपालिका-२३ मा जंगली हात्तीको आक्रमणमा परी मृत्यु भएकी २१ वर्षीया आशिका बोटे र उनका चार वर्षीय छोरा भरत बोटेका अभिभावकसँग भेट गरिन् । उनले माडी नगरपालिका-१ सेरुवाका बाघको आक्रमणबाट घाइते भई अपांग भएका सूर्य महतो तथा सोही वडाका गैँडाको आक्रमणबाट घाइते भएका मंगले बोटेसँग पनि भेट गरिन् ।

उनीहरूलाई जीविकोपार्जनका लागि प्रतिव्यक्ति पाँच लाख रूपैयाँका दरले आर्थिक सहयोग उपलब्ध गराइएको जानकारी दिँदै मन्त्री चौधरीले मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण सरकारको प्राथमिकतामा रहेको बताइन् ।

# वन संरक्षणसँगै आयआर्जनमा सघाउँदै मध्यवर्ती सामुदायिक वन

**कञ्चनपुर–** शुक्लाफाँटा नगरपालिका-७ स्थित वातावरण मध्यवर्ती सामुदायिक वनले वन संरक्षणसँगै आयमूलक कार्यक्रमलाई प्राथमिकता दिँदै उपभोक्ताको आर्थिक अवस्था सुधार गर्न विभिन्न व्यावसायिक कार्यक्रम सञ्चालन गरेको छ ।

वन व्यवस्थापनले बाँस, फलफूल, बेसार खेती तथा लघुउद्यममार्फत वनले आम्दानी बढाउँदै स्थानीयलाई रोजगारी र आयआर्जनका अवसर सिर्जना गर्दै आएको छ ।

करिब १०० हेक्टर क्षेत्रफलमा दशकअघि रोपिएका पाँच हजारभन्दा बढी बाँसका बिरुवाको संरक्षण र व्यवस्थापन गर्दै आएको छ । हाल वनमा काँडे, पेले, लाठी, मलवास, निगाले, देहरादुन, लहरे र बुमलगायत विभिन्न प्रजातिका बाँस उत्पादन भइरहेका छन् ।

सामुदायिक वनका कार्यालय सचिव अम्भुसिंह धामीका अनुसार पछिल्लो तीन आर्थिक वर्षमा बाँस बिक्रीबाटमात्रै चार लाख ९२ हजार रूपैयाँ आम्दानी भएको छ । आर्थिक वर्ष २०८०/८१ मा एक लाख ९२ हजार रूपैयाँ, २०८१/८२ मा एक लाख ३० हजार रूपैयाँ र २०८२/८३ मा एक लाख ६९ हजार रूपैयाँ आम्दानी भएको उनले जानकारी दिए ।

स्थानीय किसानले व्यावसायिक तरकारी खेती, डोको-डालो बुन्न, घर निर्माणमा सटरिङ गर्न, कुखुरापालनका लागि टहरा बनाउन तथा भूक्षय नियन्त्रणका लागि जैविक तटबन्ध निर्माणमा बाँस प्रयोग गर्दै आएका छन् । प्रजातिअनुसार प्रतिगोटा बाँस २०० देखि ५०० रूपैयाँसम्ममा बिक्री हुने गरेको छ ।

सामुदायिक वनले बाँससँगै फलफूल खेतीलाई पनि विस्तार गरेको छ । वन क्षेत्रमा चार हजार बियाँरहित कागती, पाकिस्तानी सुन्तलाका ५० बिरुवा तथा लिची, बम्बई, दह्रे, बाह्रमासे र आम्रपाली जातका करिब ५०० आँपका बिरुवा रोपिएका छन् । दशकअघि लगाइएका ती बिरुवाले अहिले उत्पादन दिन थालेका छन् । फलफूल बगैँचा पाँच वर्षका लागि चार लाख रूपैयाँमा ठेक्कामा दिइएको छ ।

सामुदायिक वनका अध्यक्ष लोकेन्द्र जोशीका अनुसार उपभोक्ताको आयआर्जन बढाउन दुना-टपरी तथा बाँस-बेत उद्योग सञ्चालन गर्ने तयारी अन्तिम चरणमा पुगेको छ । आवश्यक मेसिन खरिद गरिसकिएको र उद्योग सञ्चालनअघि उपभोक्तालाई सीपमूलक प्रशिक्षण दिइएको उनले बताए ।

सामुदायिक वनले चार हेक्टर क्षेत्रफलमा बेसार खेती गर्दै आएको छ । यहाँबाट वार्षिक ४० देखि ५० क्विन्टलसम्म बेसार उत्पादन हुने गरेको छ । उत्पादन भएको बेसारलाई गुणस्तरीयरूपमा सुकाउन नगरपालिका र दातृ निकायको सहयोगमा सौर्य ड्रायर (सोलार ड्रायर) जडान गरिएको अध्यक्ष जोशीले जानकारी दिए ।

वनले मौरीपालन व्यवसायलाई प्रवर्द्धन गर्न कैलालीस्थित वनस्पति अनुसन्धान केन्द्रबाट दुई हजार चिउरीका बिरुवा ल्याएर रोप्ने तयारी गरेको छ । साथै आन्तरिक पर्यटन प्रवर्द्धनका लागि वनभित्र पिकनिकस्थल निर्माण तथा धार्मिक एवं पर्यटकीय महत्त्व बोकेको सुनदेवी तालसम्म पदमार्ग निर्माण गर्ने योजना अघि बढाइएको उनले बताए ।

सामुदायिक वनले संरक्षणसँगै सामुदायिक विकास, संरक्षण शिक्षा, विपन्न वर्ग लक्षित आयमूलक तथा सीपमूलक कार्यक्रम, मानव-वन्यजन्तु द्वन्द्व न्यूनीकरण तथा पूर्वाधार विकासमा खर्च गर्दै आएको छ ।

स्थानीय उपभोक्ता रमेश नेपालीका अनुसार वनले वन्यजन्तु बस्तीमा प्रवेश रोक्न मेसवायर जडान, टर्चलाइट वितरण, विद्यालयमा कम्प्युटर सहयोग, पुल-पुलेसा निर्माण, सडकमा ग्राभेलिङलगायत काम गर्दै आएको छ । विपन्न परिवारलाई आयआर्जनमूलक तथा सीप विकास कार्यक्रममार्फत आत्मनिर्भर बनाउन सामुदायिक वनले उल्लेखनीय योगदान पुऱ्याएको उनले बताए ।

सामुदायिक वनले आर्थिक वर्ष २०८२/८३ मा फलफूल, बाँस, काठ-दाउरा बिक्री तथा दण्ड-जरिवानाबाट ७४ लाख रूपैयाँभन्दा बढी आम्दानी गरेको जनाएको छ । एक हजार ११ दशमलव ५३ हेक्टर क्षेत्रफलमा फैलिएको वातावरण मध्यवर्ती सामुदायिक वनले वन संरक्षणसँगै स्थानीय समुदायको आयआर्जनमा सघाउँदै आएको छ । *रासस*

# रामधुनीमा वार्षिक ३५ हजार बिरुवा उत्पादन

**धरान (सुनसरी)–** सुनसरीको रामधुनी सबडिभिजन वन कार्यालयले प्रत्येक वर्ष विभिन्न प्रजातिका करिब ३५ हजार बढी वनजन्य, नगदे तथा बहुवर्षीय बिरुवा उत्पादन गरी निःशुल्क वितरण गर्दै आएको छ ।

वि.सं. २०७९ देखि सञ्चालनमा ल्याइएको नर्सरीमा उत्पादन गरिएका बिरुवाको माग बर्सेनि बढ्दै गएको कार्यालयले जनाएको छ । सबडिभिजन वन कार्यालय रामधुनीका वन सहायक काजी आचार्यका अनुसार नर्सरीमा खयर, ज्याकाराण्डा, बेल, सिसौ, अमला, अर्जुन, कागती, तेजपत्ता र अम्बकलगायत विभिन्न प्रजातिका बिरुवा उपलब्ध छन् । केही बिरुवा यस वर्ष उत्पादन गरिएका हुन् भने केही बहुवर्षीय बिरुवा अघिल्ला वर्षदेखि संरक्षण गर्दै आइएको उनले बताए ।

रामधुनी मन्दिर नजिकै कार्यालय रहेकाले दर्शनका लागि आउने भक्तजनलेसमेत यहाँबाट बिरुवा लैजाने गरेका छन् । भारतबाट आउने धार्मिक पर्यटकले पनि बिरुवा लैजाने गरेकाले रामधुनीमा उत्पादन भएका बिरुवा देशका विभिन्न जिल्ला तथा सीमापारसम्म पुग्ने गरेको वन सहायक आचार्यले जानकारी दिए । उनका अनुसार असार, साउन र भदौ महिनामा बिरुवाको माग बढी हुने गरेको छ । उत्पादित बिरुवा सर्वसाधारण, सामुदायिक वन तथा विभिन्न संस्थालाई आवश्यकताअनुसार वितरण गरिन्छ । वन क्षेत्रमा रोप्न उपयुक्त प्रजातिका बिरुवामात्र उत्पादन गर्ने अनुमति भएकाले कृषि प्रयोजनका बिरुवा उत्पादन नगरिएको उनले बताए ।

दुई-चारवटासम्म बिरुवा लैजान कुनै कागजात आवश्यक नपर्ने, संस्थागतरूपमा बिरुवा लिन चाहनेले भने सम्बन्धित वडाको सिफारिस अनिवार्य हुने तथा ५० वटाभन्दा बढी बिरुवा माग गर्नेले निवेदन, नागरिकताको प्रतिलिपि र जग्गाधनी प्रमाणपुर्जाको प्रतिलिपि पेस गर्नुपर्ने व्यवस्था रहेको वन सहायक आचार्यले जानकारी दिए । उनले भने, 'नर्सरीको काम फागुनबाट सुरु गरिन्छ फागुनमा बीउ राखेपछि असारदेखि बिरुवा वितरण सुरु हुन्छ ।'

नर्सरी व्यवस्थापनका लागि छुट्टै कर्मचारी खटाइएको छ । बिरुवाको संरक्षण र व्यवस्थापनमा विशेष ध्यान दिइएको छ । उनले भने, 'बिरुवा नष्ट भए सम्बन्धित कर्मचारीले आर्थिक उत्तरदायित्वसमेत व्यहोर्नुपर्ने व्यवस्था रहेकाले नर्सरी व्यवस्थापनलाई संवेदनशील रूपमा लिइएको छ ।'

बिरुवा उत्पादन र वितरणसँगै कार्यालयले सामुदायिक वनलाई प्राविधिक सहयोग, छपान तथा कटान कार्यमा सहजीकरण गर्दै आएको छ । राष्ट्रिय वन क्षेत्रमा नियमित गस्ती तथा वन उपभोक्ता समूहका गतिविधिमा सहभागिता जनाउँदै आएको छ । केही दिनअघि सिंहवाहिनी सामुदायिक वनमा वृक्षरोपण कार्यक्रमसमेत सम्पन्न गरिएको वन सहायक आचार्यले जानकारी दिए । *रासस*



पूर्वी चीनको झेजियाङ प्रान्तस्थित युएकिङ सहरमा डुबानमा परेको सडकबाट हिँड्दै नागरिक। *तस्बिरः सिन्ह्वा*

# अटो उद्योग संकटले जर्मनीका युवा इञ्जिनियरको रोजगारी प्रभावित

**फ्रान्कफर्ट–** एक वर्षदेखि रोजगारीको खोजीमा रहेका जर्मन सफ्टवेयर इञ्जिनियर म्याक्स पेलले ठूला अटोमोटिभ आपूर्तिकर्ता कम्पनीमा काम गरेको अनुभवसहित करिब ५० वटा आवेदन पठाइसकेका छन्, तर अझै स्थायी जागिर पाउन सकेका छैनन्।

स्वायत्त तथा बौद्धिक ड्राइभिङ प्रणालीका लागि महत्त्वपूर्ण मानिने 'कम्प्युटर भिजन' प्रविधिमा दक्ष पेलले कुनै समय जर्मनीका ठूला औद्योगिक कम्पनीमा सहजै अवसर पाउने अपेक्षा गर्थे। तर युरोपको सबैभन्दा ठूलो अर्थतन्त्रमा देखिएको सुस्त वृद्धि र चीनबाट बढ्दो प्रतिस्पर्धाले युवा इञ्जिनियरलाई प्रभावित बनाएको छ।



'धेरैजसो अवस्थामा आवेदन सीधै अस्वीकार हुन्छ,' ३० वर्षीय पेलले फ्रान्कफर्टमा एएफपीसँग भने, 'मैले अहिलेसम्म एउटामात्र अन्तर्वार्ता दिएको छु। मेरा साथीको अवस्था पनि यस्तै छ; एकजनाले त ६० भन्दाबढी आवेदन पठाइसकेका छन्।'

## 'स्वर्ण युग' समाप्त

अत्याधुनिक प्रविधि र नवीन डिजाइनका लागि विश्वभर परिचित जर्मनीको कार उद्योग, जुन ठूलो मात्रामा निर्यातमा निर्भर छ, पछिल्ला वर्षमा कठिन अवस्थाबाट गुज्रिरहेको छ।

चिनियाँ कार निर्माता कम्पनी बिवाइडी र एक्सपेङले विश्वको सबैभन्दा ठूलो अटो बजारमा जर्मन सवारीसाधन उत्पादकको हिस्सा घटाउँदै लगेपछि जर्मन कम्पनीले स्वदेश मै कठिन पुनर्संरचना गर्नुपर्ने अवस्था आएको छ। कोलोनस्थित आइडब्ल्यू आर्थिक संस्थानका यातायात अर्थशास्त्री थोमस पल्सका अनुसार जर्मनीमा सवारीसाधन उत्पादन पछिल्ला वर्षमा उल्लेखनीयरूपमा घटेको छ।

'१० वर्षअघि हामी वार्षिक करिब ६० लाख सवारीसाधन उत्पादन गर्थ्यौं, अहिले यो संख्या ४० देखि ४२ लाखको आसपास स्थिर छ,' उनले भने, 'अन्य युरोपेली देशको तुलनामा अवस्था राम्रो भए पनि पुरानो 'स्वर्ण युग' अब फर्किने छैन।'

यसैको संकेतस्वरूप जर्मनीभर फक्सवागनका कारखानाका कामदारले हालै विरोध प्रदर्शन गरेका छन्। कम्पनीले एक लाखसम्म रोजगारी कटौती गर्ने योजना बनाइरहेको समाचार सार्वजनिक भएपछि विरोध भएको हो। संघीय रोजगार एजेन्सी (एफइए) का अनुसार सन् २०२५ सम्मको पाँच वर्षमा जर्मनीको समग्र रोजगारी केही बढे पनि अटोमोटिभ क्षेत्रमा भने रोजगारी आठ प्रतिशतले घटेको छ।

जर्मन उद्योग समग्ररूपमा चीनबाट आएको प्रतिस्पर्धाको दोस्रो चरणको दबाब सामना गरिरहेको छ। कम लागतका उत्पादनबाट टाढा सर्दै उच्च प्रविधियुक्त वस्तु उत्पादनमा केन्द्रित जर्मन कम्पनी पहिलेको बलियो निर्यात बजार गुमाउँदै गएका छन्।

जर्मनीको कूल निर्यात गत वर्ष १.५६ ट्रिलियन युरो पुगेको थियो, जुन सन् २०२२ को उच्च बिन्दुको तुलनामा करिब दुई प्रतिशत कम हो। सोही अवधिमा चीनतर्फको निर्यात भने करिब एक चौथाइ घटेर ८१.३ अर्ब युरोमा सीमित भएको तथ्यांक कार्यालय डेस्टाटिसले जनाएको छ।

## युवा इञ्जिनियरमा बढ्दो चुनौती

टायर निर्माता तथा औद्योगिक आपूर्तिकर्ता कन्टिनेन्टलको अटोमोटिभ व्यवसायमा तालिम पूरा गरेका पेलले कम्पनीमा भइरहेको पुनर्संरचनाले आफ्नो रोजगारी सम्भावनामा असर पारेको बताए।

'मैले काम सुरु गर्दा नै कम्पनीका विभिन्न भाग पुनर्संरचना भइरहेको देखिन्थ्यो,' उनले भने, 'अनुभवी सहकर्मीहरू बाहिरिँदै गरेको देख्दा त्यहाँ नयाँ व्यक्तिलाई अवसर पाउने सम्भावना कम हुने महसुस हुन्थ्यो।'

जर्मनीको प्रतिष्ठित आरडब्ल्युटिएच आचेन विश्वविद्यालयकी करियर सेवा प्रमुख आञ्जा रोबर्टका अनुसार उत्कृष्ट विद्यार्थीले अहिले जागिर पाउन लामो समय कुर्नुपर्ने अवस्था आएको छ। 'विद्यार्थीहरू हामीकहाँ आएर भन्छन्, मैले ३० वटा आवेदन दिएँ, तर कुनै प्रतिक्रिया पाइनँ। आखिर समस्या के हो ?,' उनले भनिन्, 'अब बिएमडब्ल्यूजस्ता कम्पनीमा आवेदन दिँदैमा जागिर सुनिश्चित हुँदैन।'

एफइएका अनुसार गत वर्ष योग्य इञ्जिनियरको बेरोजगारी दर ३.८ प्रतिशत पुगेको थियो, जुन सन् २०२२ को तुलनामा करिब ५० प्रतिशतले बढी हो। यद्यपि, केही इञ्जिनियरले अवसर पाउन सफल भएका छन्। इलेक्ट्रिकल इञ्जिनियर लुका लिन्सेनले महिनौंको खोजीपछि यसै महिना हयाम्बर्गमा सफ्टवेयर परामर्शदाताका रूपमा काम सुरु गरेको छ।

'इञ्जिनियरिङ अध्ययन गर्दा हामीलाई डिग्री पूरा हुनुअघि नै जागिर सुनिश्चित हुन्छ भन्ने विश्वास दिलाइएको थियो,' उनले भने, 'यदि तपाईं इञ्जिनियरिङ पढ्न चाहनुहुन्छ भने प्रविधिप्रतिको रुचि र लगावका कारण पढ्नुहोस्। केवल राम्रो आम्दानी वा जागिरको सुनिश्चितताका लागिमात्र यो क्षेत्र रोज्नु उचित हुँदैन।' *रासस/एएफपी*

# कतारका पूर्वनेता शेख हमद बिन खलिफाको निधन

**दोहा–** कतार सरकारले आइतबार पूर्वनेता शेख हमद बिन खलिफा अल थानीको निधन भएको घोषणा गरेको छ। उनले सन् १९९५ देखि २०१३ सम्म कतारको नेतृत्व गरेका थिए।



अमिरको कार्यालयले सामाजिक सञ्जालमार्फत जारी गरेको विज्ञप्तिमा शेख हमदको निधनप्रति दुःख व्यक्त गर्दै उनप्रति श्रद्धाञ्जलि अर्पण गरिएको छ। शेख हमदलाई आधुनिक कतार निर्माणका प्रमुख योजनाकारमध्ये एकका रूपमा हेरिन्छ। उनको नेतृत्वकालमा कतारले तीव्र आर्थिक विकास हासिल गर्दै क्षेत्रीय तथा अन्तर ाष्ट्रिय मञ्चमा आफ्नो प्रभाव विस्तार गरेको थियो।

शेख हमदले सन् १९९५ को जुनमा विदेश भ्रमणमा रहेका आफ्ना बुबा शेख खलिफा बिन हमद अल थानीलाई रक्तहीन सत्ता परिवर्तनमार्फत विस्थापित गर्दै नेतृत्व सम्हालेका थिए। त्यतिबेला सीमित आर्थिक स्रोत भएको सानो खाडी राष्ट्रलाई उनले ऊर्जा, सञ्चार र कूटनीतिक क्षेत्रमा विस्तार गर्दै विश्वस्तरमा प्रभावशाली मुलुकका रूपमा स्थापित गर्न महत्त्वपूर्ण भूमिका खेलेका थिए।

उनकै शासनकालमा सन् १९९६ मा अन्तर्राष्ट्रिय समाचार संस्था अल जजिरा मिडिया नेटवर्कको स्थापना भएको थियो। सन् २०१३ को जुनमा शेख हमदले आफ्ना छोरा शेख तमिम बिन हमद अल थानीलाई सत्ता हस्तान्तरण गर्दै स्वेच्छिकरूपमा गद्दी त्याग गरेका थिए। यो अरब विश्वको आधुनिक इतिहासमा दुर्लभ घटनाका रूपमा हेरिएको थियो।

करिब ३० लाख जनसंख्या रहेको कतार खाडी क्षेत्रको सानो राष्ट्रमध्ये एक हो। यहाँको अर्थतन्त्र मुख्यरूपमा प्राकृतिक ग्यास र तेल क्षेत्रमा आधारित छ भने जनसंख्याको ठूलो हिस्सा विदेशी कामदारले ओगटेका छन्।

कतार सन् १९७१ सम्म बेलायतको संरक्षित राज्यका रूपमा रहेको थियो। १९औं शताब्दीको मध्यदेखि नै अल थानी परिवारले यहाँको शासन गर्दै आएको छ। *रासस/एएफपी*

# अमेरिका–इरान तनाव चर्कियो

## दुवै पक्षबाट आक्रमण जारी



**वासिङ्टन/तेहरान–** अमेरिकी सेन्ट्रल कमाण्डले आइतबार इरानविरुद्धको सैन्य अभियानको तेस्रो चरण सम्पन्न भएको जनाएको छ। कमाण्डका अनुसार यस चरणमा करिब १४० वटा लक्ष्यमा आक्रमण गरिएको छ।

सामाजिक सञ्जाल 'एक्स'मार्फत सेन्ट्रल कमाण्डले जनाएअनुसार आक्रमणका क्रममा क्षेप्यास्त्र तथा ड्रोन प्रक्षेपणस्थल, गोलाबारुद भण्डारण केन्द्र, सञ्चार उपकरण तथा अन्य सैन्य पूर्वाधारलाई निशाना बनाइएको थियो।

यसअघि जारी अर्को विज्ञप्तिमा कमाण्डले व्यावसायिक जहाजमाथि भएका आक्रमणपछि इरानलाई समझदारीपत्र पालना गर्ने अवसर दिइएको भए पनि त्यसमा असफल भएको दाबी गरेको थियो।

यसैबीच, युनाइटेड किंगडम मेरिटाइम ट्रेड अपरेसन्सले शनिबार अबेर ओमानको तट नजिक भएको एक घटनामा क्षति पुगेपछि एउटा कन्टेनर जहाजमा आगलागी भएको जनाएको छ।

इरानको सरकारी सञ्चारमाध्यम 'प्रेस टिभी'का अनुसार दक्षिणी इरानका विभिन्न सहरमा विष्फोट भएका छन्। साथै, इरानले मध्यपूर्वमा रहेका अमेरिकी लक्ष्यविरुद्ध शृंखलाबद्ध जवाफी आक्रमण सुरु गरेको जनाएको छ। समाचारमा संयुक्त अरब इमिरेट्स र कतारमा आक्रमण भएको तथा बहराइनमा क्षेप्यास्त्र चेतावनी साइरन बजाइएको उल्लेख गरिएको छ।

कतारको गृह मन्त्रालयले केही घण्टाभित्र दोस्रोपटक राष्ट्रिय सुरक्षा सतर्कताको स्तर बढाउँदै सार्वजनिक चेतावनी जारी गरेको थियो। मन्त्रालयले नागरिकलाई घरभित्रै बस्न, सिसाका झ्यालबाट टाढा रहन, अनावश्यक आवतजावत नगर्न तथा सुरक्षा निकायका निर्देशन पालना गर्न आग्रह गरेको छ।

इरानको इस्लामिक रिभोलुसन गार्ड कोर्प्सले जोर्डनस्थित प्रिन्स हसन एयर बेसको कमाण्ड तथा नियन्त्रण केन्द्र र ड्रोन हयांगरमा आक्रमण गरी ध्वस्त पारेको दाबी गरेको छ।

यसअघि इरानले अनधिकृत मार्ग प्रयोग गरिरहेको एक जहाजमाथि कारबाही गरिएको जनाउँदै त्यसपछि होर्मुज जलसन्धि बन्द गरिएको घोषणा गरेको थियो। साथै, उक्त घटनाको प्रतिशोध लिन गरिने कुनै पनि प्रयासको कडा जवाफ दिइने चेतावनी पनि दिएको थियो।

आइआरजिसीको नौसेनाले जारी गरेको विज्ञप्तिमा समुद्री सुरक्षालाई जोखिममा पार्नेगरी आफ्नो पहिचान प्रणाली बन्द गरेको जहाजलाई लक्षित गरी कारबाही गरिएको उल्लेख गरिएको छ।

विज्ञप्तिअनुसार होर्मुज जलसन्धि अर्को सूचना जारी नभएसम्म तथा त्यस क्षेत्रमा अमेरिकी सैन्य हस्तक्षेप अन्त्य नभएसम्म बन्द रहने छ। *रासस/सिन्ह्वा*

## ओमान नजिक जहाजमा आक्रमण, १० भारतीयको उद्धार

**नयाँदिल्ली–** इरान-अमेरिका तनावकाबीच ओमान नजिक व्यावसायिक जहाजमाथि भएको आक्रमणमा परेका ११ भारतीयमध्ये १० जनाको उद्धार गरिएको छ भने एकजना अझै बेपत्ता रहेको भारतले जनाएको छ।

भारतीय विदेश मन्त्रालयले आइतबार जारी गरेको विज्ञप्तिअनुसार, 'जिएफएस ग्यालेक्सी' नामक व्यावसायिक जहाजमाथि आइतबार बिहान ओमानको तट नजिक आक्रमण भएको थियो। घटनापछि खोज तथा उद्धार अभियान जारी रहेको मन्त्रालयले जनाएको छ।

मन्त्रालयका अनुसार जहाजमा रहेका ११ भारतीय नागरिकमध्ये १० जनाको सकुशल उद्धार गरिएको छ भने एकजनाको अवस्था अझै अज्ञात छ। अमेरिकी सेन्ट्रल कमाण्डले जहाजमाथिको आक्रमणका लागि इरानलाई जिम्मेवार ठहराउँदै आगलागी र इन्जिन कक्षमा पुगेको क्षतिका कारण जहाज सञ्चालन गर्न नसकिने अवस्थामा पुगेको जनाएको छ।

बेलायती सामुद्रिक सुरक्षा निकाय 'युकेएमटिओ'का अनुसार चालक दलका सदस्यले जहाज छोडेर लाइफबोटमा आश्रय लिएका थिए। उक्त घटना ओमानको तटबाट करिब १७ किलोमिटर पूर्वमा भएको बताइएको छ।

यो घटना अमेरिकाको पछिल्लो सैन्य कारबाहीको प्रत्युत्तरस्वरूप इरानले होर्मुज जलसन्धि बन्द गर्ने घोषणा गरेको तथा खाडी क्षेत्रका विभिन्न स्थानतर्फ क्षेप्यास्त्र र ड्रोन आक्रमण जारी राखिरहेका बेला भएको हो। भारतीय विदेश मन्त्रालयले व्यावसायिक जहाज र नागरिक पूर्वाधारमाथि भइरहेका आक्रमणप्रति गम्भीर चिन्ता व्यक्त गर्दै यस्ता गतिविधि तत्काल रोक्न आग्रह गरेको छ।

मन्त्रालयले अन्तर्राष्ट्रिय कानुनअनुसार क्षेत्रका अन्तर्राष्ट्रिय जलमार्गमा स्वतन्त्र र निर्वाध आवागमन यथाशीघ्र पुनःस्थापना हुनुपर्नेमा जोड दिएको छ। इरान र अमेरिकाबीचको पछिल्लो तनावले मध्यपूर्वमा युद्ध अन्त्य गर्ने उद्देश्यले गरिएको अन्तरिम समझदारीलाई थप संकटमा पारेको छ। *रासस/एएफपी*

# दक्षिण कोरियाले पहिलोपटक जारी गऱ्यो आपत्कालीन 'हिटवेभ' चेतावनी

**सियोल–** दक्षिण कोरियाले यस वर्ष लागू गरिएको नयाँ वर्गीकरण प्रणालीअन्तर्गत आइतबार पहिलोपटक आपत्कालीन 'हिटवेभ' (अत्यधिक गर्मीको लहर) चेतावनी जारी गरेको छ। चेतावनीसँगै सर्वसाधारणलाई बाहिरी गतिविधि रोक्न र शरीरलाई शीतल राख्न आग्रह गरिएको छ।



नयाँ प्रणालीअनुसार कुनै क्षेत्रमा महसुस गरिने तापक्रम कम्तीमा ३८ डिग्री सेल्सियस वा वास्तविक तापक्रम कम्तीमा ३९ डिग्री सेल्सियस पुग्ने पूर्वानुमान भएमा, एक दिनका लागिमात्र भए पनि आपत्कालीन 'हिटवेभ' चेतावनी जारी गर्न सकिने व्यवस्था गरिएको छ।

अधिकारीका अनुसार दक्षिण कोरियामा पछिल्ला वर्षमा अत्यधिक गर्मीको लहर लामो समयसम्म रहने र अझ तीव्र बन्दै गएकाले त्यसको प्रभावकारी व्यवस्थापनका लागि नयाँ चेतावनी प्रणाली लागू गरिएको हो। कोरिया मौसम विज्ञान प्रशासनकी प्रमुख ली मी-सोनले पत्रकार सम्मेलनमा आइतबार बिहान १० बजे दक्षिणी नर्थ ग्योङसाङ प्रान्तका ग्योङसान र पोहाङ सहरका लागि पहिलोपटक आपत्कालीन 'हिटवेभ' चेतावनी जारी गरिएको जानकारी दिए।

उनका अनुसार, प्रभावित क्षेत्रमा सप्ताहन्तभर तापक्रमले आपत्कालीन चेतावनी जारी गर्ने मापदण्ड पूरा गरेको थियो। 'आपत्कालीन हिटवेभ चेतावनीको अर्थ केवल मौसम अत्यधिक तातो हुनुमात्र होइन,' लीले भने, 'यसले स्वस्थ व्यक्तिलाई समेत गर्मीजन्य रोग वा मृत्युको उच्च जोखिम हुने अवस्था जनाउँछ।'

उनले आपत्कालीन चेतावनी जारी भएका क्षेत्रमा बाहिरी गतिविधि तुरुन्त रोक्न, शीतल स्थानमा बस्न तथा बालबालिका वा घरपालुवा जनावरलाई कुनै पनि अवस्थामा सवारीसाधनभित्र एक्लै नछोड्न आग्रह गरे। *रासस/एएफपी*

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला – २८८००० | प्रति तोला – ० | प्रति तोला – ४४७५ |



**हेंगा लगाउदै किसान**

दाङको घोराही उपमहानगरपालिका-१७ स्थित ढिकपुर गाउँमा धान रोपाइँका लागि खेत सम्याउन हेंगा लगाउँदै किसान । गाउँघरमा पशुचौपाया पाल्ने क्रम घट्दै गएपछि परम्परागतरूपमा गोरु वा भैँसीको सहायताले लगाइने हेंगा अहिले आफैंले तानेर लगाउनपर्ने बाध्यता छ । *तस्बिरः रासस*

# चालु आवको ११ महिनामा वाणिज्य बैंकहरूले कमाए ६४ अर्ब ५६ करोड नाफा

## नबिल बैंक शीर्ष स्थानमा, कुमारी बैंकको छलाङ

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्ष २०८२/८३ को ११ महिना अर्थात् जेठ मसान्तसम्ममा सञ्चालनमा रहेका वाणिज्य बैंकहरूले कूल ६४ अर्ब ५६ करोड ३७ लाख रूपैयाँ खुद नाफा आर्जन गरेका छन् । यो नाफा गत आर्थिक वर्षको सोही अवधिको तुलनामा १९.६२ प्रतिशतले बढी हो । गत आर्थिक वर्ष जेठ मसान्तसम्ममा बैंकहरूले कूल ५३ अर्ब ९७ करोड ३४ लाख रूपैयाँ खुद नाफा कमाएका थिए ।


बैंकहरूले सार्वजनिक गरेका विवरणअनुसार हाल सञ्चालनमा रहेका २० वाणिज्य बैंकहरूमध्ये १४ वटा बैंकको नाफामा सुधार आएको छ भने छ वटा बैंकको खुद नाफामा गिरावट आएको छ । जेठ मसान्तसम्मको अवधिमा सबैभन्दा बढी खुद नाफा कमाउनेमा नबिल बैंक अग्रस्थानमा रहेको छ । नबिलले ३२.५२ प्रतिशतले नाफा बढाउँदै आठ अर्ब ४९ करोड २२ लाख रूपैयाँ खुद नाफा आर्जन गरेको छ ।

त्यस्तै, दोस्रो स्थानमा रहेको ग्लोबल आइएमई बैंकले पाँच अर्ब ९७ करोड ८३ लाख रूपैयाँ नाफा कमाएको छ । गत वर्षको तुलनामा ०.९६ प्रतिशतले नाफा घटे पनि ग्लोबल आइएमई दोस्रोमा परेको हो । नेपाल इन्भेस्टमेण्ट मेगा बैंकले चार अर्ब ४९ करोड ११ लाख, एभरेस्ट बैंकले चार अर्ब १२ करोड ३४ लाख, प्राइम कमर्सियल बैंकले तीन अर्ब ७४ करोड ९४ लाख रूपैयाँ खुद नाफा आर्जन गरेका छन् ।


समीक्षा अवधिमा कुमारी बैंकको नाफामा चामत्कारिक वृद्धि भएको देखिएको छ भने एनआइसी एसिया बैंककोमा नाफामा ठूलो गिरावट आएको छ । गत वर्ष संकुचित बनेर ३७ करोड ११ लाख रूपैयाँमा सीमित भएको कुमारीको नाफा चालु आवको ११ महिनासम्ममा ११६८.४४ प्रतिशतले बढेर चार अर्ब ७० करोड ७० लाख रूपैयाँ पुगेको छ । राष्ट्रिय वाणिज्य बैंकले ६८.८२ प्रतिशतले नाफा बढाउँदै तीन अर्ब ७२ करोड ४९ लाख रूपैयाँ पुऱ्याएको छ ।

यता एनआइसी एसिया बैंकको नाफामा भने सबैभन्दा ठुलो धक्का लागेको छ । एनआइसी एसियाको नाफा ३८.८१ प्रतिशतले ओरालो लाग्दै ५० करोड ७७ लाख रूपैयाँमा खुम्चिएको छ । गत आवको सोही अवधिमा एनआइसीले ८२ करोड ९७ लाख रूपैयाँ खुद नाफा कमाएको थियो ।

नाफा घट्ने अन्य बैंकहरूमा प्रभु बैंक (-३४.९१ प्रतिशत), नेपाल इन्भेस्टमेन्ट मेगा बैंक (-२१.०४ प्रतिशत), स्टचाण्डर्ड चार्टर्ड बैंक (-३.७४ प्रतिशत) र एभरेस्ट बैंक (-२.७७ प्रतिशत) रहेका छन् ।




# सहज बन्दै नारायणघाट-बुटवल यात्रा



**मध्यविन्दु (नवलपरासी)–** गत वर्षसम्म सामान्य वर्षा हुँदा पनि घण्टौं सवारीसाधन जाम हुने दाउन्ने क्षेत्र यस वर्ष भने सहज बनेको छ । नारायणघाट-बुटवल सडक विस्तार आयोजनाको निर्माण अन्तिम चरणमा पुगेपछि बर्खाको समयमासमेत यस क्षेत्रमा सवारी आवागमन सहज हुन थालेको हो ।

गत वर्षसम्म सामान्य वर्षा, सडक निर्माण, पहिरो पन्छ्याउने काम तथा सवारीसाधन बिग्रिए पनि दाउन्ने क्षेत्रमा लामो जाम लाग्ने गरेको थियो । विशेषगरी बर्खा र हिउँदमा हजारौं यात्रुले घण्टौं सडकमै बस्नुपर्ने अवस्था थियो । तर यस वर्ष सडकको अधिकांश भाग कालोपत्र भई निर्माण अन्तिम चरणमा पुगेपछि यात्रुले त्यस्तो सास्ती भोग्नुपरेको छैन ।

नवलपरासी (बर्दघाट सुस्ता पूर्व) को विनयी त्रिवेणी गाउँपालिका-२ अन्तर्गत पर्ने दाउन्ने क्षेत्र २०८१ साउन १ गतेदेखि २०८२ असार ३२ गतेसम्म ६३ पटक अवरुद्ध भएको तथ्यांक रहेको छ । तर यस वर्ष त्यो अवस्था हटेको छ । दैनिकरूपमा यही सडक प्रयोग गर्ने स्थानीयवासी तथा चालकहरू पनि यस वर्षको अवस्था विगतभन्दा फरक रहेको बताउँछन् ।

यस राजमार्गमा नियमित सवारीसाधन चलाउँदै आएका रामु भुसालले पहिले दाउन्ने पार गर्नै घण्टौं लाग्ने गरेको स्मरण गर्दै अहिले सहजरूपमा यात्रा गर्न पाइएकामा खुसी व्यक्त गरे । 'गत वर्ष पानी पर्ने बित्तिक्कै दाउन्नेको जाममा फसिन्थ्यो । अहिले सडक फराकिलो र कालोपत्र भएकाले यात्रा सहज भएको छ । यात्राको समय पनि घटेको छ,' उनले भने ।

दाउन्ने क्षेत्रमा सहजरूपमा यातायात सञ्चालन हुन थालेपछि स्थानीय बासिन्दा, व्यवसायी र यात्रुले राहत महसुस गरेका विनयी त्रिवेणी गाउँपालिकाका अध्यक्ष घनश्याम गिरीले बताए । 'दाउन्नेको समस्या राष्ट्रिय चिन्ताको विषय बनेको थियो । अहिले सडक विस्तार अन्तिम चरणमा पुग्दा आवागमन सहज भएको छ । यसले स्थानीय अर्थतन्त्र, पर्यटन र दैनिक जनजीवनमा सकारात्मक प्रभाव पार्न थालेको छ,' उनले भने ।

गत वर्षको तुलनामा यस वर्ष दाउन्ने क्षेत्रमा सवारी व्यवस्थापन सहज भएको जिल्ला प्रहरी कार्यालय नवलपरासी (बर्दघाट सुस्ता पूर्व) का प्रहरी उपरीक्षक युवराज खड्काले बताए । 'गत वर्ष निर्माण कार्य र वर्षाका कारण पटक-पटक लामो जाम व्यवस्थापन गर्नुपर्थ्यो । अहिले सडकको अवस्था सुधारिएकाले सवारी सञ्चालन सहज छ । सामान्य अवस्थामा लामो समय सडक अवरुद्ध हुने अवस्था आएको छैन,' उनले भने, 'प्रहरी र आयोजनाबीचको समन्वयले पनि यातायात व्यवस्थापन प्रभावकारी बनेको छ ।'

नारायणघाट-बुटवल सडक आयोजना (पूर्वी खण्ड) का सूचना अधिकारी एवं इञ्जिनियर शिव खनालले मुख्य सडकको कालोपत्र र कंक्रिट ढलान सम्पन्न भएसँगै यात्रा सहज भएको बताए । 'अहिलेसम्म पूर्वी खण्डको समष्टिगत भौतिक प्रगति ९२.३८ प्रतिशत पुगेको छ,' उनले भने, 'अब सडक सुरक्षा, लेन मार्किङ, साइनबोर्ड, रेलिङलगायतका काम भइरहेका छन् । विगतमा जस्तो निर्माणका कारण यात्रुले सास्ती बेहोर्नुपर्ने अवस्था धेरै हदसम्म हटेको छ ।'

पूर्व-पश्चिम राजमार्गको सबैभन्दा व्यस्त खण्डमध्ये पर्ने नारायणघाट-बुटवल सडक एसियाली विकास बैंक (एडिबी) को सहुलियतपूर्ण ऋण सहयोगमा विस्तार भइरहेको छ । आयोजनाअन्तर्गत पूर्वी खण्डमा मुख्य सडकको कालोपत्र तथा कंक्रिट ढलान सम्पन्न भइसकेको छ भने सडक सुरक्षा तथा अन्य सहायक संरचना निर्माणको काम अन्तिम चरणमा पुगेको आयोजना कार्यालयले जनाएको छ । सानातिना काम जारी रहे पनि विगतमा जस्तो सामान्य वर्षा हुँदा पनि घण्टौं सडक अवरुद्ध हुने अवस्था यस वर्ष देखिएको छैन । *रासस*

# ठमेल पर्यटन विकास परिषद्को अध्यक्षमा डंगोल

**काठमाडौं (प्रस)–** ठमेल क्षेत्रभित्रका व्यवसायी तथा घरधनीको साझा संस्था ठमेल पर्यटन विकास परिषद्को अध्यक्षमा राजुमान डंगोल विजयी भएका छन् ।

परिषद्को आइतबार सम्पन्न निर्वाचनमा डंगोलले प्रश्रय राजभण्डारीलाई पराजित गरेको निर्वाचन अधिकृत हरिप्रसाद पंगेनीले जानकारी दिए । डंगोलले ७२८ मत प्राप्त गर्दा उनका निकटतम् प्रतिद्वन्द्वी राजभण्डारीले ३६५ मत प्राप्त गरेका थिए ।

परिषद्को प्रथम उपाध्यक्षमा राजीव पाण्डे, द्वितीय उपाध्यक्षमा दावाङ (दावा) तामाङ, तृतीय उपाध्यक्षमा रमेश थापा विजयी भएका छन् । महासचिवमा पशुपति कँडेल ७२० मत ल्याई विजयी भएका छन् । उनका प्रतिस्पर्धी पुण्यराम लागेजुले ३३३ मत प्राप्त गरे ।

कार्यसमितिको सचिवमा दिलिप कँडेल, कोषाध्यक्षमा किञ्चु लामु भुटिया (श्रेष्ठ) विजयी भएका निर्वाचन अधिकृत पंगेनीले बताए । यस्तै, सदस्यहरूमा सुरेन्द्र डंगोल, बालकृष्ण खनाल, सानुकाजी महर्जन, रोशन प्रधान (श्रेष्ठ), विश्वमान प्रधान, लिजा मानन्धर, कृष्णबहादुर सेढाईं र चन्द्रा तामाङ विजयी भएका छन् ।

आगामी दुई वर्षे कार्यकालका लागि भएको निर्वाचनमा कूल एक हजार ३०९ मतदाता रहेको परिषद्को निर्वाचनमा एक हजार २२५ मत खसेको थियो । निर्वाचनपछि सञ्चारकर्मीसँग कुरा गर्दै नवनिर्वाचित अध्यक्ष डंगोलले सुरक्षित र व्यवस्थित ठमेल निर्माणमा आफ्नो ध्यान केन्द्रित हुने बताए ।

# सिद्धार्थ बैंकको 'सिद्धार्थ महिला समृद्धि कर्जा'

**काठमाडौं (प्रस)–** सिद्धार्थ बैंक लिमिटेडले महिला नेतृत्वमा सञ्चालित लघु, साना तथा मझौला उद्यमहरूको वित्तीय पहुँचलाई सहज बनाउने उद्देश्यले 'सिद्धार्थ महिला समृद्धि' कर्जा सञ्चालनमा ल्याएको छ ।

महिला स्वामित्व वा नेतृत्वमा सञ्चालित लघु, साना तथा मझौला उद्यमलाई लक्षित गरी ल्याइएको यस कर्जा योजनाअन्तर्गत महिला उद्यमीले १५ लाख रूपैयाँसम्म विनाधितो कर्जा प्राप्त गर्न सक्ने छन् । त्यसैगरी, आंशिक धितोका आधारमा २५ लाख रूपैयाँसम्म तथा पूर्ण धितोका आधारमा ५० लाख रूपैयाँसम्म कर्जा सुविधा उपलब्ध हुने बैंकले जनाएको छ ।

यसका लागि बैंकले इन्टर नेसनल फाइनान्स कर्पोरेसन (आइएफसी) को प्राविधिक सहयोगमा विशेष 'स्कोर कार्ड' मूल्यांकन प्रणाली विकास गरेको जानकारी दिइएको छ । 'यस प्रणालीले परम्परागत बैंकिङ अभ्यासजस्तै धितोलाई मात्र प्रमुख आधार नबनाई व्यवसायको प्रकृति, सञ्चालन अनुभव, वित्तीय अवस्था, नगद प्रवाह तथा उद्यमीको क्षमतालगायतका पक्षहरूको समग्र विश्लेषण गर्दछ ।

यस व्यवस्थाले धितो अभावकै कारण वित्तीय पहुँचबाट वञ्चित हुनुपर्ने अवस्थालाई न्यूनीकरण गर्दै व्यवसायको सम्भावनालाई प्राथमिकतामा राख्ने बैंकले विश्वास लिएको छ,' बैंकले जारी गरेको प्रेस विज्ञप्तिमा उल्लेख छ ।

## विज्ञापन वापतको रकम भुक्तानी गर्नेबारे अत्यन्त जरुरी सूचना

यस **प्रभाव राष्ट्रिय दैनिक**मा विज्ञापन प्रकाशित गरी कारोबार गर्दै आउनुभएका विज्ञापन एजेन्सी तथा अन्य विज्ञापनदाताहरूले विज्ञापन प्रकाशित गरे वापत हालसम्मको **बाँकी बक्यौता रकम भुक्तानी**का लागि पटक पटक मौखिक तथा लिखित अनुरोध गर्दा पनि भुक्तानी नगर्नु भएकोले यही **मिति २०८३ असार ३२ गते**भित्र भुक्तानी गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अन्यथा यस अवधिभित्र पनि हिसाब फछ्र्यौट तथा मिलान नगरिएमा यस **प्रभाव राष्ट्रिय दैनिक**को रेकर्डमा रहिआएको हिसाब नै अन्तिम मानिने र हालसम्म उपलब्ध गराइएको कमिसन सुविधासमेत उपलब्ध गराउन नसकिने तथा रकम भुक्तानी नगर्ने कम्पनी, संस्थाहरूका सञ्चालकको नाम र फोटो सहित सार्वजनिक गरी रकम भुक्तानीका लागि कानून वमोजिम कार्वाही अगाडि बढाइने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराइन्छ ।

लेखा शाखा

**प्रभाव पब्लिकेसन प्रा.लि.**

सिफल-७, काठमाडौं, नेपाल, फोनः ९७७-१-४३७३५७७, ४५८४३६८, मोबाइल नं. ९७६१८१५४००

Email:Marketing2prabhab@gmail.com